# कार्यविधीको बचावटको सूचना

## जूलाइ 2018



www.esc18.net

# कार्यविधीको बचावटको सूचना

## अपांगता भएका बालबालिकाका अभिभावकको अधिकार

अपांगता भएकाहरुको शिक्षा ऐन **(आइडिया)**, २००४ मा संशोधन भएअनुसार, विद्यालयले बच्चाको मातापितालाई आइडिया र त्यसको कार्यान्वयन नियमावलीअन्तर्गत उपलब्ध कार्यविधीको बचावटको पुरै वर्णन समावेश भएको अपांगता सूचना दिनुपर्नेछ । टेक्सास शिक्षा एजेन्सी **(टीईए)** ले उत्पादन गरेको यो दस्तावेज यो सूचना आवश्यकता पुरा गर्न र अपांगता भएका बालबालिकाका मातापितालाई आइडियाअन्तर्गत उनीहरुको अधिकार बुझ्न सहयोग गर्नका लागि उत्पादन गरिएको हो ।

- **विशेष शिक्षामा कार्यविधीको बचावट**

आइडियाअन्तर्गत, *मातापिता* भन्ने शब्दले जैविक मातापिता, धर्म मातापिता, राज्य आवश्यकताले दिएमा झड्केलो मातापिता, जैविक वा धर्म मातापिताको ठाउँमा काम गरिरहेको व्यक्ति (बाजे बज्यै, सौतेनी मातापिता वा अन्य नातेदार), जोसँग बच्चा बस्दछ, बच्चाको कल्याणका लागि बैधानिक रुपमा जिम्मेवार व्यक्ति, वा अधिकारप्राप्त मातापिता भन्ने बुझिन्छ । सिमित अंग्रेजी भाषा सीप भएको कसैसँग प्रयोग गरिएको *मौलिक* भाषा भन्नाले त्यो व्यक्तिले सामान्यतयाः प्रयोग गर्ने भाषा, जब बहिरो वा सुन्न गाह्रो मान्ने व्यक्तिका लागि प्रयोग हुँदा, व्यक्तिले सामान्यतयाः सञ्चारको माध्यम *मौलिक भाषा* हो ।

विद्यालयले तपाईंलाई यो कार्यविधीको बचावटको सूचना दस्तावेजको अर्को प्रति तपाईंलाई दिनुपर्ने अवस्थामा बाहेक विद्यालय वर्षमा एक पल्ट मात्र दिनुपर्छः मुल्यांकनमा प्रारम्भिक सिफारिस वा तपाईंको अनुरोधमा, टीइएमा फाइल गरिउको पहिलो विशेष शिक्षा शिकायतमा, विद्यालय वर्षमा प्रक्रिया सुनुवाई गुनासोको पहिलो म्याद समाप्तीको प्राप्तीमा, स्थानान्तरण परिवर्तन एकीकृत हुने अनुशासनको कारवाही गर्नका लागि निर्णय, वा तपाईंको अनुरोधमा ।

तपाईं र विद्यालयले *भर्ना, समीक्षा र समाप्ती* **(एआरडी)** समितिमार्फत तपाईंको बच्चाको शैक्षिक कार्यक्रमको बारेमा निर्णय गर्छन् । एआरडी समितिले तपाईंको बच्चा विशेष शिक्षा र सम्वन्धित सेवाका लागि योग्य भए नभएको निर्धारण गर्छ । एआरडी समितिले तपाईंको बच्चाको *व्यक्तिगत शैक्षिक कार्यक्रम* **(आईईपी)** विकास, समीक्षा र परिमार्जन गर्छ र तपाईंको बच्चाको शैक्षिक पदस्थापन निर्धारण गर्छ । एआरडी समिति र आइडियाको भूमिकाको बारेमा अतिरिक्त जानकारी तपाईंको विद्यालयबाट साथी दस्तावेज- मातापिताको भर्नाको मार्गदर्शन, समीक्षा र समाप्ती प्रक्रियामा उपलब्ध हुन्छ । तपाईंले त्यसलाई यहाँ पनि हेर्न सक्नुहुन्छः http://framework.esc18.net/.

- **पाल्ने मातापिता पनि मातापिता हुने**

यदि तपाईं अपांगता भएको बच्चालाई पाल्ने मातापिता हुनुहुन्छ भने, यदि तपाईं विशेष शैक्षिक निर्णहरूमा सहभागी हुन सहमत हुनुहुन्छ र यदि ९० दिनभित्र बच्चाका लागि विशेष शैक्षिक निर्णयहरूका लागि मातापिताको भूमिका तपाईंले बच्चाको अर्को एआरडी समिति बैठकअघि चाहिने तालिम कार्यक्रम पुरा गर्नुहुन्छ भने तपाईंले मातापिताको रूपमा काम गर्न सक्नुहुन्छ । जब तपाईंले स्विकृत तालिम कार्यक्रम पुरा गर्नुहुन्छ, तपाईंले सोही बच्चाको लागि मातापिताको रूपमा काम गर्न वा अर्को बच्चाका लागि मातापिता वा सरोगेट मातापिता बन्नका लागि तालिम कार्यक्रम पुनः लिनुपर्दैन । यदि विद्यालयले विशेष शिक्षाको निर्णय गर्ने प्रयोजनमा माता-पिताका रूपमा तपाईंलाई नियुक्त नगर्ने निर्णय गरेमा, तपाईंलाई सो निर्णय गरेको मिति देखि सात दिन भित्र लिखित सूचना दिनु अनिवार्य हुनेछ। उक्त सूचनामा निर्णयका सम्बन्धमा LEA को स्पष्टीकरण दिइएको हुनु पर्छ र तपाईले TEA मा विशेष शिक्षा उजुर दायर गर्न सक्नुहुन्छ भनेर तपाईंलाई अवगत गराएको हुनु पर्नेछ।

- **बच्चा भेटाउने**

निजी विद्यालयमा उपस्थित भइरहेका अपांगता भएका बालबालिकासहित राज्यमा बसिरहेका सबै बालबालिका, जो विशेष शिक्षा र सम्वन्धित सेवाहरुको आवश्यकतामा छन्, उनीहरुको पहिचान गरी, भेटाएर मुल्यांकन गर्नुपर्छ ।

यो प्रक्रियालाई बच्चा भेटाउने अर्थात् चाइल्ड फाइन्ड भनिन्छ ।

- **पूर्व लिखित सूचना**

तपाईंको बच्चाको विशेष शिक्षा आवश्यकतासम्वन्धी विद्यालयको गतिविधीबारे लिखित जानकारी दिने अधिकार तपाईंसँग छ ।

विद्यालयले तपाईंको बच्चालाई उपलब्ध गराइएको पहिचान, मुल्यांकन वा तपाईंको बच्चाको शैक्षिक पदस्थापन वा *निःशुल्क उचित सार्वजनिक शिक्षा* **(फेप)** शुरु गर्न वा परिवर्तन गर्नुअघि पूर्व लिखित सूचना दिनुपर्छ । तपाईंसँग विद्यालयले पहिचान, मुल्यांकन वा तपाईंको बच्चाको शैक्षिक पदस्थापन वा निःशुल्क उचित सार्वजनिक शिक्षा (फेप) शुरु गर्न वा परिवर्तन गर्न अस्विकार गर्नुअघि पूर्व लिखित सूचना दिने अधिकार छ । विद्यालयले तपाईं परिवर्तनमा सहमत भएको वा परिवर्तनका लागि अनुरोध गरेको भएपनि पूर्व लिखित सूचना उपलब्ध गराउनुपर्छ ।

विद्यालयले पूर्व लिखित सूचनामा यी कुरा समावेश गर्नुपर्छः विद्यालयले प्रस्ताव वा अस्विकार गर्न लागेको गतिविधीहरुको विवरण, विद्यालयले किन गतिविधी प्रस्ताव वा अस्विकार गरेको छ भन्ने वर्णन, गतिविधी प्रस्ताव वा अस्विकार गर्ने निर्णय गर्दा प्रयोग गरिएको विद्यालयकोप्रत्येक मुल्यांकन कार्यविधी, जाँच, रेकर्ड वा रिपोर्टको विवरण, आइडियाको कार्यविधीको बचावटअन्तर्गतका संरक्षण भएको कथन, तपाईंले कसरी यो कार्यविधीको बचावटको सूचनाको प्रति प्राप्त गर्नुहुन्छ भन्ने विवरण, आइडियालाई बुझ्न तपाईंलाई सहयोग गर्ने व्यक्ति वा संस्थाका लागि सम्पर्क सूचना, तपाईंको बच्चाको एआरडी समितिमा विचार गरिएको अन्य छनोट र किन ती छनोटहरु अस्विकार गरिए भन्ने विवरण, र किन विद्यालयले गतिविधी प्रस्ताव वा अस्विकार गर्छ भन्ने अन्य कारणको विवरण ।

विद्यालयले तपाईंले छोटो समयसीमा स्विकार गरेको अवस्थामा बाहेक कम्तीमा पाँच विद्यालय दिनअघि तपाईंलाई लिखित सूचना दिनुपर्छ ।

सूचना सामान्य नागरिकले बुझ्ने भाषामा लेखिनुपर्छ र यदि स्पष्ट रूपमा सम्भव नभएको अवस्थामा बाहेक तपाईंको मूल भाषा वा सञ्चारको अन्य माध्यममा अनुवाद गर्नुपर्छ ।

यदि तपाईंको मूल भाषा वा सञ्चारको अन्य माध्यम लिखित भाषा नभएमा, विद्यालयले सूचनालाई मौखिक वा तपाईंले बुझ्ने तपाईंको मूल भाषा वा अन्य कुनै माध्यमबाट अनुवाद गर्नुपर्छ । विद्यालयसँग यसो गरिएको देखाउने लिखित प्रमाण हुनुपर्छ ।

यदि, विद्यालयले जुनसुकै समयमा तपाईंको बच्चासँग सम्वन्धित विशेष शिक्षा र सेवाहरु प्रदान गर्न शुरु गर्छ भने, तपाईंले सेवाका लागि तपाईंको स्विकृति फिर्ता लिनुभयो भने, विद्यालयले तपाईंको बच्चालाई विशेष शिक्षा र सम्वन्धित सेवाहरु प्रदान गर्न निरन्तरता दिनुहुँदैन । सेवा निरन्तरता रोक्न, विद्यालयले तपाईंलाई पूर्व लिखित सूचना दिनुपर्छ । अपांगता भएका बालबालिकाको मातापिताले विद्यालयले विकल्प उपलब्ध गराएमा विद्युतीय पत्र (इमेल) मार्फत लिखित सूचनाहरु प्राप्त गर्ने विकल्प छान्न सक्छन् ।

- **मातापिताको स्विकृति**

विद्यालयले निश्चित कामहरु गर्नुअघि तपाईंको सूचित स्विकृति प्राप्त गर्नुपर्छ । तपाईंको सूचित स्विकृति भन्नालेः तपाईंले तपाईंको मौलिक भाषा, वा सञ्चारको अन्य माध्यममा तपाईंको अनुमति माग गरेको गतिविधीसँग सम्वन्धित सबै सूचना, तपाईंले तपाईंको अनुमति मागिएको क्रियाकलापबारे बुझ्नुहुन्छ र लिखित रुपमा सहमत हुनुहुन्छ र लिखित स्विकृतिले गतिविधीलाई वर्णन गर्छ र खुलासा हुने र कसलाई हुने भन्ने जुनसुकै रेकर्डलाई पनि सूचीकृत गर्छ, र तपाईंले स्विकृति दिने स्वेच्छिक हो र जुनसुकै समयमा फिर्ता दिन सक्नुहुन्छ । यदि तपाईंले विशेष शिक्षा वा सम्वन्धित सेवाहरुको जारी प्रावधानका लागि तपाईंको स्विकृति फिर्ता लिन चाहनुहुन्छ भने, तपाईंले त्यसो लिखित रुपमा गर्नुपर्छ । यदि तपाईंले स्विकृति दिनुहुन्छ र त्यसपछि फिर्ता लिनुहुन्छ भने, तपाईंको फिर्ती पूर्वव्यापी हुँदैन ।

विद्यालयले मातापिताको स्विकृति लिन उचित प्रयासको, कागजात कायम गर्नुपर्छ ।

कागजातमा विद्यालयले अनुमति लिन गरेको प्रयासको

रेकर्ड जस्तै टेलिफोन रेकर्ड, पत्राचारको प्रतिलिपी र तपाईंको घर वा रोजगारको स्थानमा गरिएको भ्रमणको विस्तृत रेकर्ड समावेश हुनुपर्छ ।

♦ **प्रारम्भिक मुल्यांकन**- तपाईंको बच्चाले आइडियाअन्तर्गत अपांगता भएको बच्चाको रुपमा योग्य हुने नहुने प्रारम्भिक मुल्यांकन गर्नुअघि, विद्यालयले तपाईंलाई प्रस्तावित मुल्यांकनको लिखित सूचना दिई तपाईंको सूचित स्विकृति लिनुपर्छ । विद्यालयले प्रारम्भिक मुल्यांकनका लागि तपाईंको स्विकृति प्राप्त गर्न उचित प्रयास गर्नुपर्छ । प्रारम्भिक मुल्यांकनका लागि तपाईंको स्विकृतिले तपाईंले तपाईंको बच्चालाई विशेष शिक्षा सेवा दिनका लागि पनि स्विकृति दिनुभएको ठानिदैंन । यदि तपाईंको बच्चा राज्यको वार्ड भएको र तपाईंसँग बसिरहेको छैन भने, विद्यालयले तपाईंलाई भेटाउन नसकेमा वा यदि अदालती आदेशद्वारा तपाईंको मातापिता अधिकार समाप्त गरिएको वा अन्य कसैलाई दिइएको भएमा तपाईंको स्विकृति लिनुपर्दैन ।

♦ **प्रारम्भिक सेवाहरु**- तपाईंको बच्चालाई पहिलो पल्ट विशेष शिक्षा सेवा प्रदान गर्न पनि विद्यालयलाई तपाईंको सूचित स्विकृति चाहिन्छ । यदि तपाईंले शुरूवाती सेवाका लागि तपाईंको स्विकृति दिन गरिएको अनुरोधलाई सम्बोधन गर्नुभएन, तपाईंको स्विकृति दिन अस्विकार गर्नुभयो भने, वा तपाईंको स्विकृति दिएर पछि लिखित रुपमा स्विकृति फिर्ता लिनुभयो भने, विद्यालय फेप उपलब्ध गराउने आवश्यकताबाट उल्लंघन हुँदैन र एआरडी समिति बैठक आयोजना गर्नुपर्ने वा तपाईंको बच्चाका लागि आईईपी विकास गर्नुपर्ने हुँदैन ।

♦ **पुनर्मुल्यांकन**- विद्यालयले तपाईंको बच्चाको पुनर्मुल्यांकन गर्न तपाईंको स्विकृति प्राप्त गर्नुपर्छ नत्रभने यसले तपाईंको स्विकृति प्राप्त गर्न उचित मापन लिएको र तपाईं जवाफ दिन असफल भएको देखाउन सक्छ ।

♦ **बदर गरिने कार्यविधीहरु**- यदि तपाईंको बच्चा सार्वजनिक विद्यालयमा भर्ना भएको छ र तपाईंले प्रारम्भिक मुल्यांकन वा पुनर्मुल्यांकनका लागि स्विकृति दिन अस्विकार गरेमा, विद्यालयले मध्यस्थता वा बाँकी प्रक्रिया सुनुवाइ कार्यविधीको प्रयोग गरी तपाईंको बच्चाको मुल्यांकन वा पुनर्मुल्यांकन गर्नुपर्दैन । बाँकी प्रक्रिया सुनुवाई अधिकृतले विद्यालयलाई तपाईंको स्विकृतिविना तपाईंको बच्चाको मुल्यांकन गर्न आदेश दिन सक्छ, सुनुवाई अधिकृतले तपाईंको स्विकृतिविना तपाईंको बच्चालाई विशेष शिक्षा सेवाहरु उपलब्ध गराउन आदेश दिन सक्दैन ।

यदि तपाईंले तपाईंको बच्चालाई शुरुमा सेवा प्राप्त गर्न स्विकृति दिनुभयो र विद्यालयले सेवा प्रदान गर्न थालेपछि लिखित रुपमा सेवाको जारी प्रावधानलाई फिर्ता लिनुभयो भने, विद्यालयले सेवा जारी राख्न तपाईंको सहमति लिन मध्यस्थता वा सुनुवाई अधिकृतको आदेश प्राप्त गर्न बाँकी प्रक्रिया कार्यविधीको प्रयोग नगर्न सक्छ।

तपाईंको बच्चाको मुल्यांकन वा पुनर्मुल्यांकन वा तपाईंको बच्चाले जाँच दिदाँ वा सबै बच्चाका लागि मातापिताको स्विकृति चाहिने अन्य मुल्यांकनको भागको रूपमा विद्यालयले विद्यामान डाटा समीक्षा गर्नुअघि तपाईंको स्विकृति चाहिदैंन । एक सेवाका लागि तपाईंको अस्विकृतिलाई विद्यालयले तपाईं वा तपाईंको बच्चाको अन्य सेवा, लाभ, वा क्रियाकलापलाई अस्विकर गर्न प्रयोग गर्नेछैन ।

- **स्वतन्त्र शैक्षिक मुल्यांकन**

यदि तपाईं विद्यालयले उपलब्ध गराएको मुल्यांकनसँग असहमत हुनुभयो भने, तपाईंसँग विद्यालयमा काम नगर्ने कसैबाट सार्वजनिक खर्चमा तपाईंको बच्चाको मुल्यांकन गर्न अनुरोध गर्न पाउने अधिकार छ । सार्वजनिक खर्च भन्नाले विद्यालयले मुल्यांकनको पुरै खर्च बेहोर्छ वा मुल्यांकन तपाईंका लागि निःशुल्क उपलब्ध गराइने कुरा सुनिश्चित गर्छ । स्वतन्त्र शैक्षिक मुल्यांकन (आईईई) विद्यालयले रोजगार नदिएको योग्य व्यक्तिले सञ्चालन गर्ने मुल्यांकन हो । जब तपाईंले आईईई माग्नुहुन्छ, विद्यालयले तपाईंलाई यसको मुल्यांकन मापदण्ड र कहाँ आईईई प्राप्त गर्ने भनी जानकारी दिनुपर्छ ।

विद्यालयले तपाईंलाई तपाईं किन यसको मुल्यांकनमा असहमत हुनुभयो भनी सोध्न सक्छ, तर विद्यालयले तपाईंलाई तपाईंको असहमति वर्णन गर्न भनेर आईईईमा अनुचित ढिलाई वा अस्विकृतिगर्न सक्दैन । तपाईंलाई तपाईंको असहमति रहेको हरेक समयमा विद्यालयले

गर्ने मुल्यांकनको सार्वजनिक खर्चमा एक आईईईको मात्र सुविधा हुन्छ । यदि तपाईंले विद्यालयलाई आईईईका लागि अनुरोध गर्नुहुन्छ भने, विद्यालयले यसका लागि भुक्तानी गर्नुपर्छ वा यसको मुल्यांकन उपयुक्त छ भनी देखाउन अनावश्यक ढिलाईविना बाँकी प्रक्रिया सुनुवाई अनुरोध गर्नुपर्छ ।

♦ **आईईई मापदण्ड**- यदि आईईई सार्वजनिक खर्चमा भएमा, मुल्यांकनको स्थान र मुल्यांकनकर्ताको योग्यतासहितमुल्यांकन गरिने मापदण्ड विद्यालयले मुल्यांकनको शुरुवात गर्दा विद्यालयले प्रयोग गरेको मापदण्ड नै हुनुपर्छ (ती मापदण्डहरु तपाईंको आईईई गर्ने अधिकारसँग स्थिर रहेसम्म) । माथि उल्लेख गरिएका मापदण्डबाहेक, विद्यालयले सार्वजनिक खर्चमा आईईई प्राप्त गर्नेसँग सम्वन्धित अवस्था वा समयसीमा लाद्नेछैन ।

♦ **सुनुवाई अधिकारी निर्धारण**- यदि विद्यालयले बाँकी प्रक्रिया सुनुवाई अनुरोध गर्छ र सुनुवाई अधिकारीले विद्यालयको मुल्यांकन उचित छ वा तपाईंले प्राप्त गरेको आईईईले विद्यालयको आईईई मापदण्ड पुरा गर्दैन भने, विद्यालयले आईईईका लागि भुक्तानी गर्नुपर्दैन ।

♦ **निजी खर्चमा आईईई**- तपाईंसँग सधै आफ्नो खर्चमा आईईई प्राप्त गर्ने अधिकार छ । जसले खर्च भुक्तानी गरेपनि, विद्यालयले आईईई विद्यालयको मापदण्ड पुरा गरेमा तपाईंको बच्चालाई फेम उपलब्ध गराउने जुनसुकै निर्णयमा आईईई विचार गर्नुपर्छ । तपाईंले बाँकी प्रक्रिया सुनुवाईमा आईईईलाई प्रमाणको रुपमा प्रस्तुत गर्न सक्नुहुन्छ ।

♦ **सुनुवाई अधिकारीले आदेश दिएको आईईई**- यदि कुनै सुनुवाई अधिकारीले आईईईलाई बाँकी प्रक्रिया सुनुवाईको भागको रुपमा आदेश दिन्छ भने, विद्यालयले त्यसको भुक्तानी गर्नुपर्छ ।

- **अनुशासन कार्यविधीहरु**

यदि तपाईंको बच्चाले विद्यालयको आचारसंहिता उल्लंघन गर्छ भने, यदि विद्यालयले तपाईंको बच्चालाई उसको अहिलेको अवस्थितिबाट हटाउँछ र हटाउनाले अवस्थिति प्रक्रिया (अवस्थितिमा परिवर्तन हेर्नुहोस्) मा परिवर्तन ल्याउँछ भने विद्यालयले निश्चित अनुशासन कार्यविधीहरुको पालना गर्नुपर्छ ।

♦ **एक समयमा विद्यालयबाट १० दिन वा कम हटाउने**- यदि तपाईंको बच्चाले विद्यालयको आचारसंहिताको उल्लंघन गर्छ भने, विद्यालयले तपाईंको बच्चालाई एक विद्यालय वर्षमा १० विद्यालय दिन वा कमका लागि हटाउन सक्छ, यो अपांगता नभएका बालबालिकाहरुलाई अनुशासनका लागि पनि गर्छ । विद्यालयले अपांगता नभएका बालबालिकालाई सेवाहरु उपलब्ध गराइएको अवस्थामा बाहेक यो छोटो समयका लागि हटाउँदा शैक्षिक सेवाहरु उपलब्ध गराउनुपर्दैन । यदि विद्यालयले तपाईंको बच्चालाई निलम्बन गर्ने छान्छ भने, राज्य ऐनअन्तर्गत, निलम्बन तीन विद्यालय दिनभन्दा लामो हुनुहुँदैन ।

यदि तपाईंको बच्चा विद्यालय वर्षमा १० दिनभन्दा लामो समयका लागि उसको अहिलेको अवस्थितिबाट हटाइयो भने, तपाईंको बच्चासँग हटाएको क्रमिक दिनमाथप अधिकार हुन्छ । यदि क्रमिक हटाइएको १० निरन्तर विद्यालय दिनका लागि अवस्थितिको परिवर्तन (अवस्थितिमा परिवर्तन हेर्नुहोस्) होइन भने, विद्यालय व्यक्तिले तपाईंको बच्चाको कम्तीमा एक जना शिक्षकसँगको परामर्शमा बच्चालाई सामान्य शिक्षा पाठ्यक्रममा सहभागि हुन जारी राख्न दिने कुन सेवा आवश्यक छ भनी निर्धारण गर्नुपर्छ, यद्यपी अर्को सेटिङमा, र बच्चाको आईईपीमा कायम गरिएको लक्ष्य पुरा गर्ने तर्फको प्रगतिमा हुनुपर्छ।

♦ **अवस्थितिको परिवर्तन**- यदि हटाइएको समय १० निरन्तर विद्यालय दिन भएमा वा सबै जोड्दा एक ढाँचा बन्ने १० विद्यालय दिनभन्दा बढी हुने छोटो हटाइएको समयको लहर भएमा तपाईंको बच्चाको अवस्थिति परिवर्तन हुन्छ ।हटाइने ढाँचा भए नभएको निर्धारण गर्दा, विद्यालयले बच्चाको व्यवहार पहिले हटाउने बेलामा भएका लहरहरुको जस्तै छ की छैन, र हरेक हटाइको अवधी, बच्चालाई हटाइएको समयको मात्रा र एकदेखि अर्को हटाइ कत्तिको चाँडो छ भन्ने जस्ता कारणमा पनि ध्यान दिनुपर्छ ।

हटाइको ढाँचाले पार्ने अवस्थितिमा परिवर्तन विद्यालयले अवस्थाअनुसार निर्धारण गर्नुपर्छ, र यदि चुनौती भएमा बाँकी प्रक्रिया र कानूनी कार्यविधीद्वारा समीक्षा गर्नुपर्छ।

आचारसंहिताको उल्लंघनका कारण तपाईंको बच्चाको अवस्थिति परिवर्तन गर्ने निर्णय गरिएको मितिमा, विद्यालयले तपाईंलाई त्यो निर्णयबारे जानकारी गराउनुपर्छ र यो कार्यविधीको बचावटको सूचना उपलब्ध गराउनुपर्छ । आचारसंहिताको उल्लंघनका कारण तपाईंको बच्चाको अवस्थिति परिवर्तन गर्ने कुनै निर्णयको १० विद्यालय दिनभित्र, विद्यालय, तपाईं र एआरडी समिति (तपाईं र विद्यालयले निर्धारण गरेको) का सान्दर्भिक सदस्यहरुले प्रदर्शन निर्धारण समीक्षा (एमडीआर) सम्पन्न गर्नुपर्छ ।

एमडीआर सञ्चालन गर्दा, सदस्यहरुले बच्चाको आईईपी, कुनै शिक्षकको अवलोकन, र तपाईंले उपलब्ध गराएको अन्य कुनै सान्दर्भिक जानकारीसहित तपाईंको बच्चाको फाइलमा भएको सबै सान्दर्भिक जानकारीको समीक्षा गर्नुपर्छ । सदस्यहरुले तपाईंको बच्चाको व्यवहार विद्यालयले तपाईंको बच्चाको आईईपी कार्यान्वयन गर्न नसकेको प्रत्यक्ष कारण हो वा बच्चाको व्यवहार तपाईंको बच्चाको अपांगताको सम्वन्धमा प्रत्यक्ष र ठोस सम्वन्धले भएको हो भन्ने निर्धारण गर्छन् । यदि सदस्यहरुले यीमध्ये कुनै अवस्था लागु हुने ठानेमा, तपाईंको बच्चाको व्यवहार तपाईंको बच्चाको अपांगताको प्रदर्शनको रुपमा लिइनुपर्छ ।

♦ **जव व्यवहार प्रदर्शन हो**- यदि तपाईंको बच्चाको व्यवहार उसको अपांगताको प्रदर्शन हो भने, एआरडी समितिलेः यो अवस्थितिको परिवर्तनको नतीजामा नभएको व्यवहारभन्दा अगाडि सञ्चालन गरिएको, र तपाईंको बच्चाको व्यवहारमुखी सहकार्य योजना (बीआईपी) कार्यान्वयन गरिएको अवस्थामा बाहेक कार्यात्मक व्यवहारमुखी जाँच (एफबीए) सञ्चालन गर्नुपर्छ । जहाँ बीआईपी पहिले नै विकास गरिएको हुन्छ, एआरडी समितिले बीआईपी समीक्षा गर्नैपछए र व्यवहार सम्बोधन गर्न आवश्यकताअनुसार परिमार्जन गर्नुपर्छ । यदि तपाईंको बच्चाको व्यवहार विद्यालयले तपाईंको बच्चाको आईईपी कार्यान्वयन गर्न असफल भएको कारणको प्रत्यक्ष नतीजा भएमा, विद्यालयले ती कमजोरीको उपचारका लागि तत्काल चरण शुरु गर्नुपर्छ । अन्तमा, तल उल्लेख गरिएका विशेष अवस्थामा बाहेक, एआरडीले तपाईंको बच्चालाई हटाइएको ठाउँबाट अवस्थितिमा फर्काउनुपर्छ र विद्यालयले बीआईपीको परिमार्जनको भागको रुपमा अवस्थितिको परिवर्तनमा सहमत हुनुपर्छ ।

♦ **विशेष अवस्थाहरु**- विद्यालयले तपाईंको बच्चालाई एक अन्तरिम वैकल्पिक शैक्षिक सेटिङ (आईएईएस) मा ४५ दिनसम्म तपाईंको बच्चाको व्यवहार अपांगताको प्रदर्शन निर्धारण भएपनि वा नभएपनि हटाउन सक्छ, यदि तपाईको बच्चाः विद्यालय, विद्यालयको हाता वा विद्यालयको कार्यक्रममा हतियार लैजान्छ वा नियन्त्रणमा राख्छ भने, विद्यालय, विद्यालयको हाता वा विद्यालयको कार्यक्रममा अवैध लागु पदार्थ प्रयोग वा नियन्त्रण गर्छ भने, वा नियन्त्रित सामग्रीको विक्रि गर्छ वा विक्रिलाई संयोजन गर्छ भने, वा विद्यालय, विद्यालयको हाता वा विद्यालयको कार्यक्रममा अर्को व्यक्तिलाई गम्भीर रुपमा शारिरीक चोटपटक लगाउँछ भने ।

♦ **जब तपाईंको बच्चाको व्यवहार प्रदर्शन होइन**- जब तपाईंको बच्चाको व्यवहार अपांगताको प्रदर्शन होइन भने, तपाईंको बच्चालाई निरन्तर फेप प्राप्त गरिरहनेबाहेकअपांगता नभएका बच्चासरह उही व्यवहार र उही समयमा अनुशासित बनाउन सकिन्छ ।

♦ **बैकल्पिक सेटिङ**- यदि तपाईंको बच्चा उसको अहिलेको स्थानबाट विशेष अवस्थाका कारणले वा तपाईंको बच्चाको अपांगता प्रदर्शन नहुने व्यवहारले हटाइयो भने, आईएईएस तपाईंको बच्चाको एआरडी समितिले निर्धारण गर्नुपर्छ । तपाईंको बच्चाले फेप प्राप्त गर्न जरुरी भए जसरी शैक्षिक सेवाहरु प्राप्त जारी राख्नेछ । सेवाहरुले तपाईंको बच्चालाई सामान्य शैक्षिक पाठ्यक्रममा सहभागी हुन जारी राख्न सक्षम गराउनुपर्नेछ, यद्यपी त्यो आईईपीमा कायम गरिएको लक्ष्य पुरा गर्ने प्रगतितर्फ हुनुपर्नेछ । तपाईंको बच्चाले उचित एफबीए, व्यवहारात्मक सहकार्य सेवाहरु र परिमार्जनहरु प्राप्त गर्नुपर्नेछ जुन व्यवहार सम्बोधन गर्न डिजाइन गरिएका हुन् जसले गर्दा यो दोहोरिदैंन ।

♦ **विकसित बाँकी प्रक्रिया सुनुवाई**- यदि तपाई अनुशासनात्मक अवस्थिति वा प्रदर्शन निर्धारणसम्वन्धी कुनै निर्णयमा असहमत हुनुभयो भने, तपाईंसँग विकसित बाँकी प्रक्रिया सुनुवाई अनुरोध गर्ने अधिकार छ । साथै, यदि विद्यालयले तपाईंको बच्चालाई अहिलेको उनीहरुको

अवस्थितिमा राख्दा तपाई.को बच्चा वा अन्यलाई चोटपटक लाग्छ भन्ने ठानेमा, विद्यालयले विकसित बाँकी प्रक्रिया सुनुवाई अनुरोध गर्न सक्छ । सुनुवाई अनुरोध गरिएको मितिले २० विद्यालय दिनभित्र गर्नुपर्छ । सुनुवाई अधिकारीले सुनुवाईको १० विद्यालय दिनभित्र निर्णय गरिसक्नुपर्छ । तपाईं र विद्यालय सहमत भएको अवस्थामा बाहेक, सुनुवाई अधिकारीले निर्णय गर्नुअघि वा बच्चाको आईएईएस अवस्थितिको म्याद समाप्त नहुँदासम्म, जुन पहिले हुन्छ, तपाईंको बच्चा आईएईएसमा हुनुपर्छ ।

जव विद्यालयले विकसित बाँकी प्रक्रिया सुनुवाई अनुरोध गर्छ, तपाईंको बच्चाको आईइपी अवस्थितिले तपाईंको बच्चा वा अन्यलाई चोटपटक लाग्न सक्ने अवस्था भएमा सुनुवाई अधिकृतले ४५ विद्यालय दिनसम्म उपयुक्त आईएईएसमा निरन्तर अवस्थितिको आदेश दिन सक्छ । यदि तपाईंको बच्चा उसको अपांगताको प्रदर्शनका कारणले भएमा पनि सुनुवाई अधिकारीले आईएईएस अवस्थितिको आदेश दिन सक्छ । वैकल्पिक रुपमा, सुनुवाई अधिकारीले तपाईंको बच्चा हटाइएको अवस्थितिमा फर्काउने निर्णय पनि गर्न सक्छ ।

♦ **विशेष शिक्षाका लागि योग्न नठानिएका बालबालिकाका लागि बचावट**- यदि विद्यालयलाई अनुशासनात्मक कारवाही गर्नुपर्ने व्यवहारअघि तपाईंको बच्चा अपांग भएको थाहा भएमा, तपाईंको बच्चाले आइडियाअन्तर्गत अपांग बच्चाले पाउने सबै अधिकार र बचावट प्राप्त गर्दछ । विद्यालयलाई पहिले नै ज्ञान भएको मानिनेछ यदिः तपाईंले प्रशासक वा शिक्षकलाई बच्चा विशेष शिक्षा र सम्वन्धित सेवाहरुको खाँचोमा छ भनी लिखित रुपमा चासो व्यक्त गर्नुभएको थियो, आइडियाअनुसार तपाईंले बच्चाको मुल्यांकन अनुरोध गर्नुभएको थियो, वा बच्चाको शिक्षक वा अन्य विद्यालय व्यक्तिले बच्चाले देखाएको व्यवहारको ढाँचाको बारेमा निश्चित चासोहरु सिधै विशेष शिक्षा निर्देशक वा अन्य सुपरिवेक्षक व्यक्तिलाई जानकारी गराउनुभएको थियो । विद्यालयलाई पहिले नै ज्ञान नभएको मानिनेछ यदिः तपाईंले आइडिया मुल्यांकनका लागि स्विकृति अस्विकार गर्नुभएको थियो, यदि तपाईंले तपाईंको बच्चासम्वन्धी आइडिया सेवा अस्विकार गर्नुभएको थियो, वा तपाईंको बच्चा विशेष शिक्षा सेवाका लागि योग्य नहुने गरी मुल्यांकन वा निर्णय गरिएको थियो ।

यदि तपाईंले शुरुमा सेवाका लागि तपाईंको स्विकृति दिएर विद्यालयले सेवा दिन थालेपछि सेवा निरन्तर गर्ने विषयमा लिखित रुपमा तपाईंको स्विकृति फिर्ता लिनुको छ भने, तपाईंले आइडिया सेवा अस्विकार गर्नुभयो, र तपाईंको बच्चालाई अपांगता नभएका बालबालिकालाई लागु हुने अनुशासनात्मक मापन लागु गरिनेछ र आइडिया संरक्षणको सुविधा प्रदान गरिनेछैन ।

यदि तपाईंले तपाईंको बच्चा अनुशासनात्मक मापनमा रहेको समय अवधीमा प्रारम्भिक मुल्यांकन अनुरोध गर्नुभयो भने, मुल्यांकन द्रुत गतिमा सञ्चालन गर्नुपर्छ । मुल्यांकन पुरा नहुँदासम्म, तपाईंको बच्चा विद्यालय अधिकारीले निर्धारण गरेको शैक्षिक अवस्थितिमा रहन्छ, जसमा शैक्षिक सेवाविना निलम्बन वा हटाइने समावेश हुन सक्छ ।

♦ **कानून जोड र न्यायिक अधिकारीहरुकहाँ सिफारिस र कारवाही**- आइडियाले विद्यालयलाई अपांगता भएकोबच्चाले गरेको अपराधलाई उचित अधिकारीकहाँ उजुरी गर्न वा अपांगता भएको बच्चाले गरेको अपराधलाई संघीय वा राज्य कानूनको प्रयोग गरी राज्य कानून जोड र कानूनी अधिकारीहरुलाई उनीहरुको जिम्मेवारी बहन गर्नबाट रोक्न सक्दैन । यदि विद्यालयले अपांगता भएको बच्चाले गरेको अपराधको उजुरी गरेमा, विद्यालयले बच्चाको विशेष शिक्षा र अनुशासनात्मक रेकर्डको प्रतिलिपी विद्यालयले अपराधको रुपमा उजुरी गरेको अधिकारीलाई विचार गर्नका लागि उपलब्ध गराएको निश्चित गर्नुपर्छ, तथापी, ती रेकर्डहरु पारिवारिक शैक्षिक अधिकार र गोपनीयता ऐन (फेप्राले) अनुमति दिएको हदसम्म मात्र दिनुपर्छ ।

- **शैक्षिक रेकर्डहरु**

शैक्षिक रेकर्डहरू प्रत्यक्ष रूपमा तपाईंको बच्चासँग सम्वन्धित हुन्छन् र विद्यालय वा विद्यालयका लागि काम गरिरहेका पक्षहरूले कायम गरेका हुन्छन् जुन फेप्रा र यसको कार्यान्वयन नियमावलीको ३४ कोड अफ फेडेरल रेगुलेसन्स (सीएफआर) भाग ९९ मा उल्लेख गरिएका केही अपवादबाहेक हुनेछ ।

♦ मातापितालाई सूचना- टीईएले यीसहित व्यक्तिगत पहिचान हनुने जानकारीको गोपनीयताको बारेमा मातापितालाई पूर्ण रुपमा जानकारी दिनु पर्याप्त हुने सूचना दिनुपर्छः राज्यमा रहेका विभिन्न जनसंख्या समूहका मौलिक भाषाहरुमा सूचना दिने हदसम्मको विवरण, व्यक्तिगत पहिचानयोग्य सूचना कायम गरिएको बालबालिकाको विवरण, मागिएको सूचनाको प्रकार, राज्यले सूचना संकलन गर्न प्रयोग गर्ने विधी, सूचना संकलन गर्ने स्रोतसहित, र सूचनाबाट बनाइने प्रयोग, भण्डारण, तेस्रो पक्षमा खुलासा, निरन्तरता, र व्यक्तिगत पहिचानयोग्य जानकारी नष्ट गर्न पालना गर्नुपर्ने सहभागी हुने एजेन्सीहरुको नीति र कार्यविधीको सारांश, र ३४ संघीय नियमावलीको संहिता (सीएफआर) भाग ९९ मा फेर्पा र यसका कार्यान्वयन नियमावलीअन्तर्गतका अधिकारसहित यो सूचनासम्वन्धि मातापिता र बालबालिकाको सबै अधिकारको विवरण । व्यक्तिगत रुपमा पहिचान हुने सूचनामा यी समावेश हुन्छन्ः तपाईंको बच्चाको नाम, मातापिताको रुपमा तपाईंको नाम, वा अर्को परिवारको सदस्यको नाम, तपाईंको ठेगाना, व्यक्तिगत परिचायक (जस्तैः सामाजिक सुरक्षा नम्बर), वा उचित निश्चिततासँग तपाईंको बच्चालाई पहिचान गर्न सम्भव हुने विशेषताहरुको सूची ।

कुनै प्रमुख बच्चा भेटाउ गतिविधी अघि, सूचना पत्रिका वा अन्य सञ्चारमाध्यम, वा दुबैमा विशेष शिक्षा र सम्वन्धित सेवाको आवश्यकतामा रहेका बालबालिका भेटाउन, पहिचान गर्न र मुल्यांकन गर्न राज्यभरका मातापितालाई जानकारी दिन पर्याप्त सर्कुलेसन हुने गरी प्रकाशन वा प्रसारण गर्नुपर्छ ।

♦ **बचावट र नष्ट**- विद्यालयले बच्चाको रेकर्डको गोपनीयता संकलन, भण्डारण, खुलासा र नष्ट चरणमा संरक्षण गर्नुपर्छ । शैक्षिक रेकर्डहरु भन्नाले शैक्षिक रेकर्डको ३४ सीएफआर भाग ९९ मा शैक्षिक रेकर्डको परिभाषाअन्तर्गत उल्लेख गरिएका रेकर्डहरुको प्रकार बुझिनेछ ।

विद्यालयले तपाईंलाई तपाईंको बच्चालाई शैक्षिक सेवा उपलब्ध गराउन बच्चाको रेकर्डमा रहेका सूचना कहिलेदेखि नचाहिने भनी जानकारी गराउनुपर्छ । तपाईंको अनुरोधमानाम, ठेगाना, फोन नम्वर, ग्रेड, उपस्थिति रेकर्ड, उपस्थित कक्षा, पुरा गरिएको ग्रेड तह र पुरा गरेको वर्षबाहेकका जानकारी नष्ट गर्नुपर्छ । नष्ट भन्नाले भौतिक नष्ट वा सूचनाबाट व्यक्तिगत परिचायक हटाउने बुझिन्छ जसले गर्दा सूचना व्यक्तिगत पहिचानयोग्य हुने गरी उपलब्ध हुँदैन ।

♦ **प्रकार र स्थानहरु**- तपाईंसँग विद्यालयले संकलन, कायम र प्रयोग गरेकोशैक्षिक रेकर्डहरुको प्रकार र स्थानको सूची अनुरोध र प्राप्त गर्ने अधिकार छ ।

♦ **पहुँच र समयरेखाहरु**- तपाईंसँग विशेष शिक्षासम्वन्धी भागहरु सहित तपाईंको बच्चाको सम्पूर्ण शैक्षिक रेकर्डको समीक्षा गर्ने अधिकार छ । विद्यालयलेतपाईंसँग प्रचलित राज्य कानून नियमनमा अभिभावकत्व, छुट्टिएको, र सम्वन्धविच्छेदका कारण अधिकार नभएको भनिएको अवस्थामातपाईसँग तपाईंको बच्चासम्वन्धी रेकर्डहरु खोज्ने र समीक्षा गर्ने अधिकार भएको पूर्वानुमान गर्नेछ । तपाईंले तपाईंको बच्चाको रेकर्ड हेर्न अन्य कसैलाई अनुमति दिन पनि सक्नुहुनेछ । जव तपाईंले रेकर्ड समीक्षा गर्न भन्नुहुन्छ, विद्यालयले त्यसलाई अनावश्यक ढिलाईविना र एआरडी समिति बैठक वा कुनै बाँकी प्रक्रिया सुनुवाई वा समाधान सत्र अगाडि नै उपलब्ध गराउनुपर्छ, र कुनै पनि अवस्थामा ४५ दिनभन्दा पछि हुनुहुँदैन ।

♦ **एकभन्दा धैरै बच्चाको जानकारी**- यदि कुनै शैक्षिक रेकर्डले एकभन्दा धैरै बच्चाको बारेमा जानकारी दिन्छ भने, तपाईंसँग तपाईंको बच्चाको बारेमा मात्र जानकारी खोज्ने र समीक्षा गर्ने वा त्यो निश्चित जानकारीको बारेमा सूचित हुने अधिकार छ ।

♦ **स्पष्टता, प्रतिलिपी, र शुल्कहरु**- यदि तपाईंले सोधेमा, विद्यालयले कारणभित्र रेकर्डहरुको वर्णन र व्याख्या गर्नुपर्छ । यदि तपाईंले रेकर्डहरु खोज्ने र समीक्ष गर्ने उपाय प्रतिलिपी मात्र भएमा विद्यालयले तपाईंलाई प्रतिलिपीहरु पनि दिनुपर्छ । विद्यालयले तपाईंको बच्चाको बारेमा कुनै शैक्षिक रेकर्ड खोज्न वा तान्नका लागि शुल्क लिनेछैन । तथापी, यदि शुल्कले तपाईंलाई रेकर्डहरु खोज्न र समीक्षा गर्न राख्न सक्दैन भने, प्रतिलिपी बनाएको शुल्क भने लिन सक्छ ।

♦ **अन्यद्वारा पहुँच**- फेप्राले विद्यालय अधिकारीसहित

निश्चित व्यक्तिहरुलाई तपाईंको स्विकृतिविना तपाईंको बच्चाको रेकर्ड हेर्न अनुमति दिन्छ । अन्यथा, अन्य व्यक्तिहरुलाई व्यक्ति पहिचान हुने जानकारी खुलासा गर्नुअघि तपाईंको स्विकृति प्राप्त गर्नुपर्छ ।

व्यक्ति पहिचानयोग्य सूचना संक्रमणकालीन सेवा उपलब्ध गराइरहेका वा भुक्तानी गरिरहेका सहभागी एजेन्सीहरुका अधिकारीलाई खुलासा गर्नुअघि तपाईंको वा राज्य कानूनअनुसार वालिगको उमेर पुगेको योग्य बच्चाको स्विकृति लिनुपर्छ । यदि बच्चा तपाईं बस्ने विद्यालय जिल्लामा रहेको निजी विद्यालयमा उपस्थित नभएको वा नहुने भएमा निजी विद्यालय अवस्थित भएको विद्यालय जिल्ला र तपाईं बस्ने विद्यालय जिल्लाबीचका अधिकारीहरुबीच तपाईंको बच्चाको बारेमा व्यक्तिगत पहिचानयोग्य सूचना खुलासा गर्नुअघि तपाईंको स्विकृति लिनुपर्छ ।

तपाईंले खुलासाका लागि स्विकृति दिएको अवस्थामा बाहेक विद्यालयले तपाईंको बच्चाको विशेष शिक्षा रेकर्डहरुको समीक्षा गर्ने सबैको (तपाईं र अधिकारप्राप्त विद्यालयका अधिकारीहरुबाहेक) लग राख्नुपर्छ । त्यो लगमा व्यक्तिको नाम, पहुँच दिइएको मिति, र रेकर्ड हेर्न अधिकार दिइएको व्यक्तिको प्रयोजन समावेश गर्नुपर्छ ।

विद्यालयमा काम गर्ने अधिकारीले जुनसुकै व्यक्तिगत पहिचानयोग्य सूचनाको गोपनीयता सुनिश्चित गर्ने जिम्मेवारी लिनुपर्छ । व्यक्तिगत पहिचानयोग्य सूचना संकलन वा प्रयोग गर्ने सबै व्यक्तिले आइडिया र फेर्पाअन्तर्गत गोपनीयतासवन्धी राज्यको नीति र कार्यविधीसम्वन्धी तालिम वा निर्देशन प्राप्त गर्नुपर्छ । हरेक विद्यालयले सार्वजनिक निरिक्षणका लागि, व्यक्तिगत पहिचानयोग्य सूचनाको पहुँच भएको विद्यालयका कर्मचारीहरुको नाम र पदको सूची कायम राख्नुपर्छ ।

♦ **रेकर्डहरुको संशोधन**– यदि तपाईंलाई तपाईंको बच्चाको शैक्षिक रेकर्डहरु असत्य, झुटो वा तपाईंको बच्चाको अधिकार उल्लंघन गर्ने लागेमा, तपाईंले विद्यालयलाई जानकारी संशोधन गर्न भन्न सक्नुहुन्छ । उचित समयसिमाभित्र विद्यालयले जानकारी संशोधन गर्ने नगर्ने निर्णय गर्नुपर्छ । यदि विद्यालयले अनुरोध गरिएअनुसार जानकारी संशोधन गर्न अस्विकार गर्छ भने, तपाईंलाई अस्विकारको र रेकर्डमा जानकारी चुनौतीको सुनुवाईको तपाईंको अधिकारको जानकारी गराउनुपर्छ । यो प्रकारको सुनुवाई फेर्पा अन्तर्गतको स्थानीय सुनुवाई हो र निष्पक्ष सुनुवाई अधिकारीको अगाडि गरिने आइडिया बाँकी प्रक्रिया सुनुवाई होइन । यदि, सुनुवाईको नतीजाको रुपमा विद्यालयले जानकारी असत्य, झुटो भएको, वा बच्चाको गोपनीयता र अन्य अधिकारको उल्लंघन भएको निर्णय गरेमा, त्यसले जानकारी वदल्नुपर्छ र तपाईंलाई लिखित रुपमा जानकारी गराउनुपर्छ । यदि, सुनुवाईको नतीजाको रुपमा, विद्यालयले जानकारी असत्य र झुटो नभएको, वा बच्चाको गोपनीयता र अन्य अधिकारको उल्लंघन नभएको निर्णय गरेमा, तपाईंलाई तपाईंको बच्चाको रेकडएमा रहेको सूचना रेकर्ड वा विद्यालयले कायम गरेको पर्याप्त भागको रुपमा सही स्थानमा रहेको कथन सूचित गर्नुपर्नेछ ।

यदि तपाईंले विद्यालयले तपाईंको बच्चालाई विशेष शिक्षा र सम्वन्धित सेवाहरु उपलब्ध गराउन थालिसकेपछि तपाईंको बच्चाको प्राप्तिमा लिखित रुपमा स्विकार फिर्ता लिनुभयो भने, विद्यालयले तपाईंको बच्चाको शैक्षिक रेकर्डहरु तपाईंको बच्चाले पहिले प्राप्त गरेको विशेष शिक्षा सेवाहरुको सन्दर्भ हटाउन संशोधन गर्नुपर्दैन । तथापी, तपाईंसँग अझै पनि जानकारी असत्य, झुटो भएको, वा बच्चाको अधिकारको उल्लंघन भएको लागेमा विद्यालयलाई तपाईंको बच्चाको रेकर्ड संशोधन गर्न विद्यालयलाई अनुरोध गर्ने अधिकार रहन्छ ।

- **मातापितादवारा स्वेच्छिक निजी विद्यालय अवस्थितिहरु**

तपाईंसँग तपाईंको बच्चालाई निजी विद्यालयमा स्वेच्छिक स्थानमा राख्दा निश्चित अधिकारहरु रहन्छन्

। आइडियाले सार्वजनिक विद्यालयलाई विशेष शिक्षा र सम्वन्धित सेवाहरुसहित  शिक्षाको शुल्क तिनुपर्दैन, अपांगता भएको तपाईंको बच्चालाई निजी विद्यालय वा सुविधामा यदि सार्वजनिक विद्यालयले तपाईंको बच्चालाई फेप उपलब्ध गरायो र तपाईंले बच्चालाई निजी विद्यालय वा सुविधामा राख्ने छान्नुभयो । तथापी, निजी विद्यालय रहेको सार्वजनिक विद्यालयमा तपाईंको बच्चाको जनसंख्या रहनुपर्छ जसको आवश्यकताहरु मतापिताले निजी विद्यालयमा राखेका बालबालिकाबारे आइडिया प्रावधानहरु अन्तर्गत सम्बोधन भएको हुनुपर्छ ।

- **फेप सवाल नहुँदा मातापितादवारा निजी विद्यालयमा अवस्थितिहरु**

तपाईंले तपाईंको बच्चालाई निजी विद्यालयमा राख्दा तपाईंसँग निश्चित अधिकारहरु हुन्छन् किनभने तपाईं तपाईंको बच्चाको कार्यक्रम उचितताको उपलब्धतासम्वन्धी सार्वजनिक विद्यालयसँग असहमत हुनुुहुन्छ । यदि तपाईंको बच्चाले पहिले सार्वजनिक विद्यालयको अधिकारमा विशेष शिक्षा र सम्वन्धित सेवाहरु प्राप्त गर्यो र तपाईंले सार्वजनिक विद्यालय, अदालत वा सुनुवाई अधिकारीको स्विकृति वा सिफारिसविना तपाईंको बच्चालाई निजी प्रिस्कूल, आधारभूत स्कूल, वा माध्यमिक विद्यालयमा भर्ना गर्नुभएमा सार्वजनिक विद्यालयले तपाईंको बच्चालाई भर्नाअघि र निजी विद्यालयमा अवस्थिति उचित हुँदा फेप उपलब्ध नगराएको अदालत वा सुनुवाई अधिकारीले भेटाएमा तपाईंलाई भर्नाको खर्च सार्वजनिक विद्यालयले शोधभर्ना गर्न सक्छ । सुनुवाई अधिकारी वा अदालतले तपाईंको अवस्थिति टीईए र विद्यालयहरुले उपलब्ध गराएको शिक्षामा लागु हुने राज्यको मापदण्ड पुरा नगर्ने अवस्थिति भएमा पनि तपाईंको अवस्थितिलाई उचित मान्न सक्छन् ।

♦ शोधभर्नामा सिमितता– माथिको अनुच्छेदमा वर्णन गरिएको शोधभर्नाको खर्च घटाइने वा अस्विकार गरिनेछ, यदिः तपाईंको बच्चालाई सार्वजनिक विद्यालयबाट हटाउनुअघि तपाईं उपस्थित भएको सबैभन्दा पछिल्लो एआरडी समिति बैठकमा तपाईंले एआरडी समितिलाई सार्वजनिक खर्चमा तपाईंको बच्चालाई निजी विद्यालयमा भर्ना गराउने तपाईंको चासो र उद्देश्यसहित तपाईंको बच्चालाई फेप उपलब्ध गराउन सार्वजनिक विद्यालयले गरेको प्रस्ताव अस्विकार गरेको जानकारी गराउनुभएन, वा तपाईंको बच्चालाई सार्वजनिक विद्यालयबाट निकालेको व्यवसायिक दिनमा पर्ने कुनै विदाको दिनसहित कम्तीमा १० व्यवसायिक दिनअघि त्यो जानकारी तपाईंले सार्वजनिक विद्यालयलाई लिखित रूपमा दिनुभएन, वा सार्वजनिक विद्यालयबाट तपायको बच्चा हटाउनुअघि, सार्वजनिक विद्यालयले उचित र उपयुक्त मुल्यांकनको प्रयोजनको कथनसहित तपाईंलाई तपाईंको बच्चाको मुल्यांकन गर्ने उद्देश्यको पूर्व लिखित सूचना उपलब्ध गरायो, तर तपाईंले बच्चालाई मुल्यांकनका लागि उपलब्ध गराउनुभएन, वा अदालतले तपाईंको क्रियाकलापलाई अनुचित भेटायो ।

तथापी, शोधभर्नाको रकम सूचना प्रदान गर्न असफल भएकाले घटाउन वा अस्विकार गरिनुहुँदैन यदिः सार्वजनिक विद्यालयले तपाईंलाई सूचना दिनबाट रोक्यो, तपाईंले माथि वर्णन गरिएअनुसारको तपाईंको जिम्मेवारीको सूचना प्राप्त गर्नुभएन, वा माथिको आवश्यकता अनुसारको अनुवृत्तिले तपाईंको बच्चालाई भौतिक हानी पार्न सक्छ । यदि तपाईं साक्षर हुनुहुन्न वा अंग्रेजी लेख्न सक्नुहुन्न, वा माथिको आवश्यकताको अनुवृत्तिले तपाईंको बच्चालाई गम्भीर संवेगात्मक हानी गर्छ भने अदालत वा सुनुवाई अधिकारीको विवेकमा, शोधभर्नाको रकम आवश्यक सूचना उपलब्ध गराउन असफल भएको आधारमा घटाइनेछैन ।

♦ **मातापिताको अधिकारको स्थानान्तरण**

बच्चाको वालिग उमेर पुगेपछि आइडिया अन्तर्गत मातापिताका स्पूर्ण अधिकारहरू बच्चामा स्थानान्तरण हुनेछ। टेक्सासको कानूनअन्तर्गत वालिग उमेर १८ वर्ष हो । वालिग बालबालिकाका लागि, यो कागजातमा छलफल गरिएका सबै मातापिता अधिकारहरु १८ वर्ष

उमेर पुगेका बालबालिकामा स्थानान्तरण हुनेछ । मातापिता अधिकार वयस्क विद्यार्थीमा स्थानान्तरण भएपछि उसँग शैक्षिक निर्णय गर्ने अधिकार हुन्छ, यद्यपि सार्वजनिक विद्यालयहरुले तपाईंलाई अझै पनि एआरडी समिति बैठकको सूचना र पूर्व लिखित सूचनाहरु भने दिनुपर्नेछ। तपाईं, तथापी, वयस्क विद्यार्थी वा विद्यालयले तोकेरै नबोलाएसम्म वा वयस्क विद्यार्थीले तपाईंलाई सहयोग गरिएको निर्णय गर्ने सहमतिको अधिकार नदिदाँसम्म बैठकहरुमा उपस्थित हुनुहुनेछैन ।

♦ **वयस्क विद्यार्थीका लागि अदालतले नियुक्त गरेका अभिभावक–** यदि अदालतले तपाईं वा अर्को व्यक्तिलाई वयस्क विद्यार्थीको कानूनी अभिभावकको रुपमा नियुक्त गरेको छ भन्, आइडियाअन्तर्गतको अधिकार वयस्क विद्यार्थीमा स्थानान्तरण हुनेछैन । कानूनी रुपमा तोकिएको अभिभावकले अधिकार प्राप्त गर्नेछन् ।

♦ **कैदी वयस्क विद्यार्थी–** यदि वयस्क विद्यार्थी कैदी भएमा, सबै आइडिया अधिकारहरु १८ वर्षको उमेरमा वयस्क विद्यार्थीकहाँ स्थानान्तरण हुनेछ । तपाईंले विशेष शिक्षा सम्वन्धि पूर्व लिखित सूचनाहरु प्राप्त गर्ने अधिकार राख्नुहुनेछैन ।

♦ **१८ वर्ष उमेरअघिका वयस्क विद्यार्थीहरु–** टेक्सास परिवार संहिताको अध्याय ३१ मा वर्णन गरिएअनुसार केही निश्चित अवस्थाहरु छन् जसले बच्चालाई १८ वर्षको उमेरअघि नै वयस्क बनाउँछ । यदि तपाईंको बच्चा त्यो अध्याय अन्तर्गत वयस्क निर्धारण भएमा, आइडियाअन्तर्गतको अधिकार त्यो समयमा तपाईंको बच्चासम्म स्थानान्तरण हुनेछ ।

♦ **अभिभावकत्वको विकल्पहरू** सार्वजनिक विद्यालयहरुले तपाईंको वयस्क विद्यार्थीले गरेको मान्य वारेसनामा वा मान्य सहयोग गरिएका निर्णय गर्ने सहमतिहरूको सम्मान गर्नुपर्दछ।

आवश्यक सूचना तथा जानकारी

तपाईंको बच्चाको १७ वाँ जन्मदिनमा वा सो भन्दा पहिला सार्वजनिक विद्यालयले तपाईं र तपाईंको बच्चालाई मातापिता अधिकार स्थानान्तरण हुने बारे लिखित सूचना दिनु पर्नेछ र यसमा सहयोगप्राप्त निर्णय सहमति, अभिभावकत्व र अभिभावकत्वको विकल्पहरु समावेश गर्नु पर्छ साथै तपाईंको बच्चालाई स्वतन्त्रपूर्वक बाँच्न आवश्यक पर्न सक्ने अन्य कुनैपनि सहयोग र सेवाहरु पनि समावेश गर्नु पर्छ। २०१८–२०१९ विद्यालय वर्ष देखि तपाईंको बच्चाको आइपीमा विद्यालयले उक्त जानकारी समावेश गरेको बारे पनि उल्लेख गर्नु पर्नेछ।

तपाईंको बच्चाको १८ वाँ जन्मदिनमा सार्वजनिक विद्यालयले तपाईं र तपाईंको बच्चालाई मातापिता अधिकार वयस्क विद्यार्थीमा स्थानान्तरण भएको लिखित सूचना दिनु पर्नेछ। २०१८–२०१९ विद्यालय वर्ष देखि यस लिखित सूचनामा सहयोगप्राप्त निर्णय सहमति, अभिभावकत्व र अभिभावकत्वको विकल्पहरु र तपाईंको बच्चालाई स्वतन्त्रपूर्वक बाँच्न आवश्यक पर्न सक्ने अन्य कुनैपनि सहयोग र सेवाहरुबारे जानकारी र स्रोतहरु पनि समावेश गर्नु पर्छ। यस लिखित सूचनामा अतिरिक्त जानकारी चाहिएमा सम्पर्क विवरण पनि समावेश गरेको हुनुपर्छ।

- **सरोगेट अभिभावक**

♦ **सामान्य आवश्यकताहरु-** यहाँ उल्लेख गरिएका अधिकारहरु अपांगता भएका बालबच्चाहरुका अभिभावकसँग सम्बन्धित छन् ।

यदि विशेष प्रयास गर्दा पनि विद्यालयले बच्चाको मातापिताको परिचय पाउन वा फेला पर्न नसकेमा, सरोगेट मातापिताले बच्चालाई हेर्न मातापिताको रुपमा इच्छा नदेखाएमा वा असक्षम भएमा, बच्चा पाल्ने गृहमा नबस्ने भएमा अथवा राज्यले रेखदेख गरेको बच्चा भएमा विद्यालयले बच्चाको अभिभावकको जिम्मेवारी

निर्वाह गराउन सरोगेट अभिभावक निर्धारण गर्नुपर्नेछ । तर यदि बच्चा राज्यको रेखदेखमा रहेको र अदालतले पहिले नै सरोसगेट अभिभावक नियुक्त गरिसकेको भए यो आवश्यक हुँदैन । म्याकिनी-वेन्टो घरबारबिहीन सहयोग ऐनमा उल्लेख भए अनुसार विद्यालयले घरपरिवार नभएको एक्ला किशोरकिशोरीहरुका लागि पनि सरोगेट अभिभावक नियुक्त गर्नुपर्नेछ । http://www2.ed.gov/policy/speced/guid/s pec-ed-homelessness-q-a.pdf.

आइडिया अन्तर्गत सरोगेट अभिभावक हुनका लागि तपाईं राज्य, विद्यालय वा बच्चाको शिक्षा तथा स्याहारमा संलग्न कुनैपनि निकायको कर्मचारी हुनु हुँदैन, साथै बच्चाको हितसँग बाझिने खालका तपाईंको कुनै पनि हित हुनु हुँदैन । सरोगेट मातापिताका रूपमा नियुक्त व्यक्तिसँग पर्याप्त ज्ञान र सीप हुनुपर्नेछ, सेवा पुर्याउने चाहना हुनुपर्नेछ, बच्चाको हितको रक्षा गर्न स्वतन्त्र निर्णय गर्ने हुनुपर्छ, बच्चाको उच्ति प्रक्रिया अधिकारको हनन् नभएको सुनिश्चित गर्नु पर्छ, बच्चा र विद्यालयको भ्रमण गर्नु पर्छ, बच्चाको शैक्षिक विवरणको समीक्षा गर्नु पर्छ, बच्चाको शिक्षामा संलग्न हुने कुनैपनि व्यक्तिको सल्लाह लिनुपर्छ, एआरडी समिति बैठकहरुमा सहभागी हुनुपर्छ, र एउटा तालीम कार्यक्रम पूरा गर्नु पर्छ ।

विद्यालयले सरोगेट मातापिताको रूपमा नियुक्त गरेको व्यक्तिले बच्चाको अर्को तालिका मिलाईएको एआरडी समितिअघि वा सरोगेट मातापिताको रूपमा प्रारम्भिक नियुक्ति पछि ९० दिनभित्र तालिम कार्यक्रममा सहभागी भइसक्नुपर्छ । तपाईंले स्वीकृत तालीम पूरा गरेपछि तपाईंले सोही बच्चाको मातापिताका रूपमा काम गर्न वा अर्को बच्चाको मातापिताका रूपमा वा सरोगेट मातापिताका रूपमा काम गर्न पुनः अर्को पटक तालीम कार्यक्रम पूरा गर्न आवश्यक पर्दैन।

▪ **असहमतिको समाधान**

बच्चाको विशेष शिक्षा सेवामा विद्यालयले गर्ने कार्यहरुमा तपाईं कहिलेकाहिँ असहमत हुन सक्नुहुनेछ । त्यस्ता असहमतिहरु उत्पन्न हुनासाथ विद्यालयकर्मीहरुसँग मिलेर समाधान गर्न हामी तपाईंलाई एकदमै प्रोत्साहन गर्छौं । तपाईंले अभिभावकको विवादका लागि कुन संकल्पको विकल्प हुन सक्छ भनेर विद्यालयलाई सोध्न सक्नुहुनेछ । अभिभावकहरुलाई विशेष शिक्षामा आइपर्ने असहमतिको समाधानका लागि टीइएले चारवटा औपचारिक विकल्पहरू उपलब्ध गराएको छः राज्य आईईपी सहजीकरण, मध्यस्थताको सुविधा, विशेष शिक्षा गुनासो समाधान प्रक्रिया र सुनुवाई कार्यक्रम।

▪ **विशेष शिक्षा बारे जानकारी**

तपाईंलाई विशेष शिक्षाका मुद्दाहरु बारे जानकारी चाहिएमा तपाईंले विशेष शिक्षा सुचना केन्द्रको नम्बर 1-855-SPEDTEX (1-855-773-3839) मा सम्पर्क गर्न सक्नुहुनेछ । यदि तपाईंले यो नम्बरमा फोन गर्नुभयो र खबर छोड्नुभयो भने कार्यलय समयमा तपाईंलाई पुनः सम्पर्क गरिने छ । जो बहिरो हुनुहुन्छ वा जसलाई सुन्नमा समस्या छ, उहाँहरुले रिले टेक्सास प्रयोग गरी 7-1-1 मा माथिको भ्वाइस नम्बरमा सम्पर्क गर्न सक्नुहुनेछ।

▪ **राज्य आईईपी सहजीकरण**

2013 मा अनुमोदन भएको राज्य कानूनले स्वतन्त्र आईईपी सहजकर्ताहरूलाई एआरडी समिति वैठक अपांगता भएका विद्यार्थीसँग फेपको प्रावधानसम्वन्धी निर्णयबारेको विवाद सहजीकरण गर्न टीइएलाई राज्य आईईपी सहजीकरण परियोजनाको स्थापना गर्नु आवश्यक रहयो । स्वतन्त्र सहजकर्ताहरू उपलब्ध गराउनका लागि टीइएका लागि पुरा गर्नुपर्ने अवस्थाहरू निम्नानुसार छन्:

► आवश्यक अनुरोध फारम तपाईं र विद्यालय दुबैले भरेर हस्ताक्षर गर्नुपर्छ ।

► विवाद एआरडी समिति बैठकमा सम्वन्धित हुनुपर्छ जसमा एक वा एकभन्दा धेरै आईईपीका लागि चाहिने तत्वहरू पुगेको थिएन र एआरडी समितिले बैठक सार्न र पुनः गर्नका लागि सहमत भएको थियो ।

► तपाईं र तपाईंको विद्यालयले असहमतिमा एआरडी बैठक समाप्त भएको पाँच क्यालेण्डर दिनभित्र चाहिने अनुरोध फारम फाइल गर्नुपर्छ, र सहजकर्ता बैठक पुनः गर्नका लागि कायम गरिएको मितिमा उपलब्ध हुनुपर्छ ।

► विवाद घोषणापत्र निर्धारण वा आईएईएसको निर्धारणसँग सम्वन्धित हुनुहुँदैन ।

► तपाईं र विद्यालय विशेष शिक्षा मध्यस्थतामा समानान्तर रूपम सहभागी हुनुहुँदैन ।

► विवादका सवालहरू विशेष शिक्षा गुनासो वा विशेष शिक्षा बाँकी प्रक्रिया सुनुवाइको विषय हुनुहुँदैन ।

► तपाईं र विद्यालय उही विद्यालय वर्षमा आईईपी सहजीकरणको अहिलेको अनुरोधलाई फाइल गर्ने गरी उही विद्यार्थीसँग सम्वन्धित आईईपी सहजीकरणमा सहभागी हुनुहुँदैन ।

आवश्यक अनुरोध अंग्रेजी र स्पानिसमा उपलब्ध छः http://tea.texas.gov/Curriculum_and_Instructional_Programs/Special_Education/Programs_and_Services/Individualized_Education_Program_Facilitation/. फारम पनि टीईएको अनुरोधमा उपलब्ध छ । टीईएको सम्पर्क जानकारी यो कागजातको अन्तमा दिइएको छ ।

- **मध्यस्थता सेवा**

मध्यस्थता सेवा बच्चाको परिचय, मूल्यांकन, शैक्षिक नियूक्ति र एफएपिइका विषयमा आउने असहमतिको समाधानका लागि एउटा उपाय हो । यदि  तपाईं र विद्यालय दुवै यसमा सहभागी हुन सहमत भएमा, मध्यस्थता कार्यक्रमका लागि टीईएले नै सम्पूर्ण व्यवस्थापन र खर्च गर्छ ।  तर सुनुवाई कार्यक्रमको समय सार्न तथा आइडिया अन्तर्गतका अन्य कुनै अधिकारहरुलाई स्विकार नगर्नका लागि भने मध्यस्थता सेवाको प्रयोग गर्न भने मिल्दैन । प्रत्येक पटक सुनुवाई कार्यक्रमको समय पर सार्नु परेको खण्डमा टीईएले आफै मध्यस्थता सेवाको प्रस्ताव राख्नेछ । तर बच्चाको विशेष शिक्षा कार्यक्रममा तपाईंलाई कुनै असहमति भएमा तपाईंले जुन सुकै समयमा पनि मध्यस्थता सेवाका लागि अनुरोध गर्न सक्नुहुनेछ । मध्यस्थकर्ताहरु टीईए वा टेक्सासका कुनै पनि विद्यालयका कर्मचारीहरु हुँदैनन् र उनीहरुको उद्देश्य बाझिने सक्ने कुनै पनि किसिमको व्यक्तिगत वा व्यवसायिक सोच उनीहरुमा हुनुहुँदैन । मध्यस्थताकर्ताहरुमा विशेष शिक्षा ऐनको ज्ञान हुनुका साथै उनीहरु समस्या समाधानका लागि तालिम प्राप्त र योग्य हुन्छन् । मध्यस्थताकर्ताको भूमिका उद्देश्य उन्मुख हुनुपर्ने हुन्छ र मध्यस्थता कार्यक्रममा कुनै तर्फको पनि पक्ष लिन नपाइने हुन्छ । मध्यस्थता सेवाको उद्देश्य तपाईं र विद्यालय दुवै पक्षलाई सन्तुष्टि हुने सहमतिसम्म पुर्याउन सहयोग गर्ने हुन्छ ।

मध्यस्थताकर्ताको अहिलेको सूची http://tea.texas.gov/index4.aspx?id=5087. मा उपलब्ध छ ।

यदि तपाईं र विद्यालय दुवै मध्यस्थताका लागि तयार हुनुभएमा दुवै पक्ष कोही विशेष मध्यस्थताकर्ता राख्नका लागि सहमत हुन सक्नुहुनेछ अन्यथा जो कोही मध्यस्थताकर्ता नियूक्त गरिनेछ । माथि उल्लेखित दुवै परिस्थितिमा मध्यस्थताकर्ताले तपाईं र  विद्यालय दुवैलाई सहज हुने स्थान र समयमा मध्यस्थता कार्यक्रम संचालन गर्नका लागि तपाईंहरुलाई सम्पर्क गर्नेछन् ।  मध्यस्थता कार्यक्रममा भएका सम्पूर्ण वातचित तथा कुराहरु गोप्य हुनेछन् । ती कुराहरुलाई पछि हुनसक्ने सुनुवाई कार्यक्रम वा अदालती कारबाहीमा प्रमाणको रुपमा प्रयोग गर्न पाइनेछैन ।

विद्यालय र तपाईं दुवै सहमतिमा आएमा तपाईंहरु दुवै पक्षको प्रतिनिधिले लिखित सम्झौता पत्रमा हस्ताक्षर गर्नेछ । सम्झौता पत्र कानुनी दायरामा रहनेछ र  यो बिषयको मुद्दाका लागि राज्यको स्विकृति प्राप्त अदालत वा केन्द्रिय अदालतलाई यसको प्रयोग गर्ने अधिकार हुनेछ।

तपाईंले मध्यस्थता प्रक्रियाका बारेमा थप जानकारी टीइए वेवसाइट http://tea.texas.gov/index4.aspx?id=5087 मा प्राप्त गर्न सक्नुहुन्छ ।

- **विशेष शिक्षा विषयक असहमति समाधान प्रक्रिया**

विशेष शिक्षामा आइपर्ने गुनासो तथा समस्या समाधानको अर्को विकल्प भनेको टीईएको विशेष शिक्षा असहमति समाधान प्रक्रिया हो । यदि तपाईंलाई सार्वजनिक निकायले विशेष शिक्षा नियमको उल्लंघन गरेको छ भन्ने लागेमा तपाईंले टीईएलाई लिखित गुनासो पत्र पठाउन सक्नुहुनेछ । टीईएको पत्राचार गर्ने ठेगाना यो दस्तावेजको अन्त्यमा दिइएको छ । जोसँग समस्या भएको हो त्यो सम्बन्धित व्यक्ति वा

निकायलाई पनि तपाईंले पत्र पठाउनु पर्नेछ । टीईएसँग जोकाही व्यक्ति वा संस्थाले गुनासो गर्न सक्नेछन् । शिकायत समयरेखा टीइएले शिकायत प्राप्त गरेको भोलिपल्ट कार्यालय दिनमा शुरू हुनेछ । तपाईंको लिखित गुनासो पत्रमा पत्र पठाएको एक बर्षभित्र भएको नियम उल्लंघनका बारेमा विस्तृत जानकारी हुनुपर्नेछ । पत्रमा, सार्वजनिक निकायले विशेष शिक्षाको नियम उल्लंघन गरेको प्रतिवेदन, प्रतिवेदनको आधार भएका सत्यतथ्य, आफ्नो हस्ताक्षर र सम्पर्क ठेगानाका साथै समस्या समाधानका उक्त समयमा उचित हुनसक्ने प्रस्तावित उपाय समावेश गर्नुपर्नेछ । यदि गुनासो कुनै विशेष बच्चासँग सम्बन्धित भएमा बच्चाको नाम र ठेगाना, बच्चा घरबार बिहीन भए उसको उपलब्ध ठेगाना र बच्चाको विद्यालयको नाम पनि उल्लेख गर्नुपर्नेछ ।

टीईएले तपाईंलाई थप जानकारी पेश गर्न वा स्वयंसेवी मध्यस्थतामा प्रवेश गर्नका लागि मौका दिनेछ । यसले असहमति समाधान गर्न सार्वजनिक निकायलाई पनि गुनासोमा प्रतिक्रिया दिने र प्रस्तावना पेश गर्ने मौका प्रदान गर्दछ । दुई पक्षको सम्झौता वा अन्य कुनै परिस्थितिका कारण समय नसरेमा, तपाईंको गुनासोको लिखित प्रतिवेदन पाएको ६० दिनभित्र टीईएले समस्याको र आवश्यकता परेमा सम्बन्धित स्थानको पनि निरिक्षण र अध्ययन गर्नेछ । टीईएले सम्पूर्ण सम्बन्धित जानकारी तथा सुचनाको मूलयांकन गर्नेछ र सार्वजनिक निकायले विशेष शिक्षा नियमको उल्लंघन गरेको हो या होइन भन्ने कुराको निर्णय गर्नेछ ।

तपाईंको प्रत्येक ठहर र गुनासोलाई सम्बोधन गर्दै फेला परेका सत्यतथ्य, निष्कर्ष र टीईएको निर्णयका कारणहरु खुलाएर लिखित रुपमा तपाईंलाई निर्णय दिनेछ । यदि टीईएले सार्वजनिक निकायलाई दोषी ठहराएमा यसले प्रमाणित भएका उल्लंघनहरु, प्राविधिक क्रियाकलापमा भएको संलग्नता, छलफल र सहयोगी गतिविधीहरुको सम्बोधन गर्न उचित कदम चाल्नुपर्ने हुन्छ । सहयोगी गतिविधी अन्तर्गत कुनै विशेष बच्चा वा बच्चाहरुको समूहलाई पहिले नदिइएको सेवा दिने र सबै अपांगता भएका बच्चाहरुलाई उपयुक्त भविष्यको सुविधा दिने सेवा पनि पर्छन् । तपाईंको गुनासोमा गरिएको टीईएको निर्णय अन्तिम निर्णय हुनेछ र यसमा पुनः अनुरोध गर्न पाइने छैन । गुनासो गर्दा तपाईंको मध्यस्थताका लागि अनुरोध गर्ने र सुनुवाई गर्ने अधिकार भने बञ्चित हुने छैन ।

यदि तपाईंले एउटै बिषयमा गुनासो पनि पेश गर्नुभयो र सुनुवाईका लागि पनि अनुरोध गर्नुभयो र गुनासोमा पेश भएका मुद्दाहरु सुनुवाईमा उठेमा ती मुद्दाहरुलाई टीईएले सुनुवाई नसकिउन्जेल थाती राख्नुपर्नेछ । गुनासोमा उल्लेख भएका तर सुनुवाईमा समावेश नभएका मुद्दाहरुलाई टीईएले निश्चित समय भित्र र यस लेखोटमा वर्णन गरिएका प्रक्रियाका आधारमा समाधान गर्नेछ । गुनासोमा समावेश गरिएको मुद्दालाई सोही पक्षको सुनुवाई कार्यक्रममा समावेश गर्नुपरेमा त्यो मुद्दामा सुनुवाई निर्णय हुनु जरुरी हुन्छ ।

तपाईंले शिकायत प्रक्रियाका बारेमा थप जानकारी र शिकायत अनुसन्धान फारमहरू टीईए वेवसाइट http://tea.te xas.gov/index2.aspx?id=2147497560#Complaint_Resolution.
मा प्राप्त गर्न सक्नुहुन्छ ।

- **बाँकी प्रक्रिया सुनुवाई कार्यक्रम**

विशेष शिक्षाका असहमति समाधान गर्ने चौथो उपाय भनेको सुनुवाई कार्यक्रम हो । एक निष्पक्ष सुनुवाई अधिकृतले दुवै पक्षको प्रमाणहरु सुनेर कानुनी तवरको निर्णय गर्नेछ ।

बच्चाको परिचय, मुल्यांकन, शैक्षिक नियुक्ति र एफएपिइका विषयमा आउने असहमति जस्ताको जुनसुकै समस्या लागि पनि तपाईंले सुनुवाईको अनुराध गर्न सक्नुहुनेछ । यदि सार्वजनिक विद्यालयमा बच्चाको प्रारम्भिक भर्नाका विषयमा समस्या आएको हो भने सुनुवाई कार्यक्रमको निर्णय नहुन्जेल तपाईंको सहमतिमा बच्चालाई सामान्य विद्यालयमा नियुक्त गर्नुपर्नेछ । तपाईंले सुनुवाई कार्यक्रमका बारेमा थाहा पाएको वा सुनुवाई अनुरोधकको आधारमा काम गतिविधीहरुको बारेमा थाहा पाएको मितिदेखि एक बर्ष भित्रमा सुनुवाई कार्यक्रमका लागि अनुरोध गर्नुपर्नेछ । यो एक वर्षे समयरेखा सिमितताको अवस्थाका रूपमा पनि लिइन्छ । यदि तपाईंलाई विद्यालयको कुनै विशेष प्रतिनिधीले समस्या समाधान गरिसकिएको भनेको खण्डमा वा विद्यालयले तपाईंलाई प्रदान गर्नुपर्ने सुचना प्रदान

नगरेको खण्डमा भने यो समयसिमा लागु हुने छैन । केही अवस्थामा, बाँकी प्रक्रिया सुनुवाइको एक वर्षको सिमा यदि तपाईं सशस्त्र बल, राष्ट्रिय महासागर तथा वायुमण्डल प्रशासनको कर्मचारी वा संयुक्त राज्य जनस्वास्थ्य सेपाको कर्मचारी भएमा, र यदि नागरिक राहत ऐनको सेवा सदस्यको रूपमा बुझिने संघीय कानूनको प्रावधान भएमा रोक्न सकिन्छ ।

तपाईंले सुनुवाई कार्यक्रमको अनुरोध गर्दा तपाईंले विद्यालयले विशेष शिक्षाको नियम उल्लंघन गरेको पनि प्रमाणीत गर्नुपर्ने हुन्छ । कुनै परिस्थितिमा विद्यालयले नै तपाईंको विरुद्धमा सुनुवाई अनुरोध गर्न सक्नेछ । यस्तो अवस्थामा विद्यालयले पनि प्रमाण जुटाउनु पर्नेछ ।

माथि उल्लेख गरिएका कुनै पनि समस्याका विषयमा तपाईंले विद्यालयलाई अदालतमा कारबाहीका लागि पेश गर्नुअघि सुनुवाईका लागि अनुरोध गर्नुपर्ने हुन्छ । सुनुवाईमा सामेल नगरिएको मुद्दाहरु अदालतले खारेज गरिदिन सक्नेछ ।

♦ **बाँकी प्रक्रिया सुनुवाई कार्यक्रमको अनुरोध-** सुनुवाई कार्यक्रमको अनुरोध गर्न तपाईं वा तपाईंको प्रतिनिधित्व गर्ने अधिवक्ताले लिखितरुपमा सुनुवाईका लागि अनुरोध गर्नुपर्छ वा यस लेखोटको अन्त्यमा भएको टीईएको ठेगानामा पेश गर्नुपर्छ ।

सुनुवाई कार्यक्रम अनुरोधको फारम टीईएको निम्न वेबसाइटमा उपलब्ध छ।

http://tea.texas.gov/index4.aspx?id=5090.

तपाईंले टीईएकै फारम प्रयोग गर्नुपर्छ भन्ने छैन तर तपाईंको अनुरोधमा निम्न जानकारीहरु समावेश गरिएको हुनुपर्नेछ ।

-बच्चाको नाम र ठेगाना
-बच्चा घरबार बिहीन भए उसको उपलब्ध ठेगाना
-बच्चाको विद्यालयको नाम
-बच्चाले भोगेको समस्यासँग सम्बन्धित सत्यतथ्य सहित समस्याको विस्तृत जानकारी र
-समस्या समाधानका उक्त समयमा उचित हुनसक्ने प्रस्तावित उपाय ।

तपाईंले सुनुवाईका लागि अनुरोध गर्दा विद्यालयलाई पनि उक्त लिखित अनुरोध पठाउनुपर्छ । माथि उल्लेखित सम्पूर्ण प्रक्रिया र आवश्यकताहरु पुरा नगरेसम्म तपाईंले सुनुवाई गर्न सक्नुहुन्न । तपाईंको अनुरोध पाएको १० दिनभित्र विद्यालयले तपाईंको पत्रमा उल्लेखित सम्पूर्ण आवश्यक विवरणहरुको जिम्मेवारी पत्र पेश गनुपर्नेछ । यदि यो पहिले नै गरिएको भए चाँही आवश्यक हुँदैन ।

यदि विद्यालयलाई तपाईंको पत्रमा आवश्यक सम्पूर्ण जानकारी वा विवरण उल्लेख नभएको लागेमा तपाईंको पत्र पाएको १५ दिनभित्र सुनुवाई अधिकृत र तपाईं दुवैलाई जानकारी गराउनु पर्नेछ । सुनुवाई अधिकृतलाई विवरण पर्याप्त भए नभएको जाँच गर्न ५ दिनको समय दिइएको छ ।

सुनुवाई कार्यक्रम संचालन हुनुभन्दा ५ दिन अगाडि नै विद्यालयले वा सुनुवाई अधिकृतले स्विकृती दिएमात्र तपाईंको पत्र सच्याउन सक्नुहुनेछ । अनुरोधमा उल्लेख भएका मुद्दाहरुलाई सुनुवाईमा उठाउन पाइने छैन।

फाइल गर्ने विद्यालय वा तपाईं जसले भएपनि अनुरोध प्रक्रियामा परिवर्तन गरेमा पत्र परिवर्तन गरेर पुन पेश गरिएको मितिबाट समस्या समाधानको समयसिमा र समयावधी सुरु हुनेछ ।

तपाईंले अनुरोध गरेमा र विद्यालय वा तपाईंले सुनुवाई प्रक्रियाको विषयमा अनुरोध गरेमा तपाईंलाई र आवश्यक भएका निःशुल्क वा कम खर्च लाग्ने कानुनी वा अन्य सेवाका बारेमा जानकारी उपलब्ध गराउनुपर्नेछ ।

♦ **समस्या समाधान बैठक-** तपाईंको बाँकी प्रक्रिया सुनुवाइको अनुरोध पाएको १५ दिनभित्रमा विद्यालयले निर्णय गर्ने अधिकारप्राप्त विद्यालयको प्रतिनिधि र तपाईं र विद्यालय दुवैले छानेका एआरडीका आवश्यक सदस्यहरुको उपस्थितिमा समाधान बैठक आयोजना गर्नुपर्नेछ । यो नियम हतारमा हुने सुनुवाईमा भने लागु हुँदैन । (हतारमा हुने समाधानको समयसिमा तल उल्लेख गरिएको छ ) ।

बैठकमा तपाईंको तर्फबाट अधिवक्ता उपस्थित भएमा मात्र विद्यालयले पनि आफ्नो तर्फबाट अधिवक्ता राख्न सक्नेछ । यदि विद्यालयले अनुरोध प्राप्त गरेको ३० दिनिभत्र तपाईं सन्तुष्ट हुने गरी तपाईंले उठाएको सवालको समाधान नगरेमा, सुनुवाइ प्रक्रिया अगाडि बढाउन सकिनेछ

अन्तिम निर्णय गरिसक्नुपर्ने ४५ दिनको समयसिमा, ३० दिनको समाधान समयावधी सकिएको दिनबाट सुरु हुन्छ । ३० दिनको समाधान प्रक्रियामा समाधानका लागि तपाईं र विद्यालयबीच तल उल्लेख गरिए अनुसारका सहमतिहरु भएको आशा राखिएको हुन्छ ।

तर तपाईं र विद्यालयबीच समाधान बैठक नगर्ने र मध्यस्थताका लागि तयार हुने लिखित सहमति भएमा वा तपाईं बैठकमा उपस्थित हुन नसकेमा समाधान प्रक्रियाको समय लम्बिनेछ र तपाईं बैठकमा सहभागी हुन तयार नभए सम्म सुनुवाई पनि पर सर्नेछ ।

विशेष प्रयासहरु गरेर र ती प्रयासहरुलाई लिखित रुपमा प्रमाणित गर्दा पनि तपाईं विद्यालयले आयोजना गरेको समाधान बैठकमा उपस्थित नभएमा विद्यालयले समाधान प्रक्रियाको ३० दिन समयसिमाको अन्त्यमा सुनुवाई अधिकृतलाई तपाईंको बाँकी प्रक्रिया सुनुवाइको अनुरोध खारेज गर्ने माग गर्न सक्नेछ । विद्यालयको प्रयासहरुको प्रमाणित कागजातमा निम्न कुराहरु समावेश हुनुपर्नेछः

-तपाईं र विद्यालयले दुवैको सहमतिमा हुने समय र स्थानमा कार्यक्रम आयोजनाको प्रयास,
- दुई पक्षबीच भएका टेलिफोन वार्ताको वा सम्पर्क गर्न गरिएको प्रयासको र ती कलहरुको नतिजाको विषयमा विस्तृत विवरण,
-विद्यालयले तपाईंलाई पठाएको कुनै सुचना वा प्रतिक्रियाको प्रमाण र
- तपाईंको घर वा कार्यालयमा भेट्न आउँदाको र उक्त भेटको नतिजाको विस्तृत विवरण ।

तपाईंको प्रक्रिया गुनासोको पत्र पाएको १५ दिनभित्रमा यदि विद्यालयले बैठक आयोजना गर्न नसकेको वा बैठकमा उपस्थित हुन नसकेको खण्डमा तपाईंले सुनुवाई अधिकृतसँग सुनुवाई प्रक्रियाको ४५ दिने समयसिमाको सुरुवात गर्ने माग गर्न सक्नुहुनेछ ।

तर तपाईं र विद्यालयबीच समाधान बैठक नगर्ने लिखित सहमति भएको भए, सुनुवाई प्रक्रियाको उक्त ४५ दिने समयसिमा अर्को दिनबाट मात्र सुरु हुन्छ ।

मध्यस्थता कार्यक्रम वा समाधान बैठक सुरु भएपछि र समाधान प्रक्रियाका ३० दिने म्याद सकिनुअघि यदि विद्यालय र तपाईंबीच कुनै पनि सहमति हुन नसक्ने लिखित कागजात पेश गरेमा अर्को दिनबाट सुनुवाई प्रक्रियाको ४५ दिने समयसिमा सुरु हुन्छ । समाधान प्रक्रियाका ३० दिने म्यादको अन्त्यमा यदि तपाईं र विद्यालयले मध्यस्थता प्रक्रियामा जाने निर्णय गर्नुभयो भने दुवै पक्षले सहमतिमा नहुन्जेल सम्म मध्यस्थता प्रक्रिया निरन्तर गर्नका लागि लिखित रुपमा सम्झौता गर्न सक्नुहुन्छ ।

तर यदि तपाईं वा विद्यालय मध्ये कसैले मध्यस्थता प्रक्रिया बीचमै छाड्ने निर्णय गरेमा अर्को दिनबाट ४५ दिने समयसिमा सुरु हुन्छ ।

समस्या समाधान बैठकको सुविधा प्रदान गर्नुको उद्देश्य भनेको तपाईंको गुनासोबारे र विद्यालयसँगको प्राथमिक सत्यतथ्यका बारेमा छलफल गर्नुका साथै विद्यालयलाई तपाईंको समस्या समाधान गर्नका लागि मौका प्रदान गर्नु हो । बैठकमा यदि तपाईंहरु बीच सहमति भएमा तपाईं र विद्यालयले लिखित सम्झौता पत्र तयार गरी हस्ताक्षर गर्नुपर्नेछ ।

दुई पक्ष मध्ये एकले सम्झौतामा हस्ताक्षर भएको तीन व्यवसायीक दिनभित्रमा उक्त सम्झौता पत्रलाई निष्क्रिय नबनाएमा, यस्ता बिषयको मुद्दाका लागि राज्यको स्विकृति प्राप्त अदालत वा केन्द्रिय अदालतलाई यसको प्रयोग गर्ने अधिकार हुनेछ ।

विद्यालयले तपाईंको पत्र पाएको ३० दिनभित्र पनि तपाईंलाई सन्तुष्टि हुने गरी समस्या समाधान नगरेमा सुनुवाई प्रक्रिया हुन सक्छ ।

♦ **द्रुत सुनुवाईमा हुने समाधान बैठक-** चाँडो गर्नुपर्ने सुनुवाईको हकमा द्रुत सुनुवाइ अनुरोध प्राप्त भएको मितिले विद्यालयले ७ दिनभित्रमा समाधान बैठकको आयोजना गर्नुपर्छ । विद्यालयले १५ दिनभित्र पनि तपाईंलाई सन्तुष्टि हुने गरीको समस्या समाधान नगरेमा तपाईंको अनुरोधमा उठाइएको सवाल प्राप्त गर्नुहुनेछ ।

सुनुवाइ बाँकी सुनुवाइ प्रक्रियाका लागि अनुरोध भएको मितिले २० विद्यालय दिनभित्र हुनुपर्नेछ । सुनुवाइ अधिकारीले सुनुवाइको १० विद्यालय दिनपछि अन्तिम निर्णय जारी गर्नुपर्नेछ ।

♦ **सुनुवाई अधिकृत-** सुनुवाई सञ्चालनका लागि टीईएले निष्पक्ष अधिकृतहरूसँग सम्झौता गर्दछ ।

टीईएको तथा शिक्षा वा तपाईंको बच्चाको हेरचाहसँग सम्बन्धित कुनै पनि निकायको कर्मचारी सुनुवाई अधिकृत हुन सक्दैन । त्यस्तै बच्चाको इच्छा र आकांक्षासँग बाझिने खालका कुनै पनि व्यक्तिगत वा व्यवसायिक सोच पनि हुन हुँदैन । सुनुवाई अधिकृतसँग सुनुवाई अधिकृतको भूमिका निर्वाह गर्न आवश्यक सम्पूर्ण ज्ञान तथा सीप हुनुपर्छ ।

टीईएले सुनुवाई अधिकृतहरुको शैक्षिक योग्यता सहितको नामावलीको व्यवस्थापन गरेको हुन्छ । यो सूची http://tea.texas.gov/index4.aspx?id=5090 मा उपलब्ध छ । तपाईंले टीईएको कानुनी सेवा कार्यालयमा सम्पर्क गरेर पनि यो सूची प्राप्त गर्न सक्नुहुन्छ जसको सम्पर्क विवरण यो कागजातको अन्तमा छ ।

♦ **कार्य अवधिमा बच्चाको अवस्था-** तपाईं र विद्यालयबीच अरु कुनै सहमति नभएको भए सुनुवाई प्रक्रिया र अदालती अपिलको समयमा तपाईंको बच्चा तत्काल भर्ना भएकै विद्यालयमा रहने छ । तत्कालको विद्यालयमै बच्चा राख्नु भनेको निर्णय नहुन्जेल सम्मका लागि मात्र हो । यदि प्रक्रियामा अनुशासन पनि पर्छ भने अनुशासनको समस्या भएको समयमा बच्चाको नियुक्तिका बारेमा बुझ्न अनुशासन विभागमा हेर्नुहोला ।

यदि सुनुवाई कार्यक्रम तपाईंको बच्चाको सार्वजनिक विद्यालयमा तत्काल भर्नाको विषयमा भएमा तपाईंको अनुमतिमा बच्चालाई प्रक्रिया समाप्त नहुन्जेलका लागि सार्वजनिक विद्यालय कार्यक्रममा भर्ना गरिनुपर्छ ।

बच्चा यदि तीन बर्षको हुँदैछ वा प्राथमिक बाल्यकाल सहभागिता (इसीआइ) कार्यक्रमको समाप्तिमा छ भने इसीआइ सेवा निर्णय नहुन्जेल सम्मका लागि विकल्प हुँदैन । बच्चा विशेष शिक्षा सेवाका लागि योग्य ठहरिएमा र अभिभावकको सहमति भएमा गुनासो र समस्यामा नआएका सेवाहरु भने बच्चालाई उपलब्ध गराउनुपर्नेछ ।

♦ **सुनुवाई हुनुअघि-** सुनुवाईको प्रक्रिया सुरु हुनु ५ व्यवसायिक दिन अघि नै, सुनुवाईमा प्रस्तुत गरिने सबै प्रमाण तथा विषयहरु तपाईं र विद्यालयले एकआपसमा खुलासा गर्नुपर्नेछ । समयमा खुलासा नगरिएको प्रमाणलाई दुई मध्ये जुन पक्षले पनि नकार्न वा प्रतिवाद गर्न सक्नेछ । यसरी समयमा खुलासा नगरिएको प्रमाण भएमा सुनुवाई अधिकृतले प्रमाणका साथै मूल्यांकन तथा सुझावको पनि प्रस्तुतिमा प्रतिबन्ध लगाउन सक्नेछन् ।

♦ **सुनुवाईको क्रममा-** तपाईंलाई अधिवक्ता र अपांगता भएका बच्चाहरुको विषयमा विशेष ज्ञान भएका वा तालिमप्राप्त व्यक्तिहरुलाई सुनुवाईमा उपस्थित गराउने वा उनीहरुको सल्लाह तथा सुझाव लिने अधिकार हुन्छ ।

त्यस्तै तपाईंलाई प्रमाण पेश गर्ने, सामना गर्ने, छड्के-जाँच गर्ने र साक्षीको उपस्थितिका लागि माग गर्ने अधिकार पनि हुन्छ । तपाईंको बच्चालाई सुनुवाईमा सहभागी गराउने र सुनुवाई जनताका लागि खुला गर्ने अधिकार पनि हुन्छ ।

सुनुवाईका प्रत्येक बैठकहरु तपाईंको बच्चा र तपाईंलाई कारणवश सहज हुने समय र स्थानमा सञ्चालन हुन पाउने अधिकार तपाईंलाई हुन्छ ।

तपाईंलाई सुनुवाई कार्यक्रमको र उपलब्ध प्रमाणहरुको लिखित वा विद्युतियरुपमा सक्कल रेकर्ड निःशुल्क पाउने अधिकार पनि हुन्छ ।

♦ **निर्णय-** सुनुवाई अधिकृतको निर्णय आधारभुत रुपमातपाईंको बच्चाले फेप पाए-नपाएको निर्णयमा आधारित हुनुपर्छ ।

यदि तपाईंले प्रक्रियामा गल्ती भएको आरोप लगाउनुभयो भने, त्यो गल्तीले तपाईंको बच्चालाई फेप पाउन रोकेको वा वाधा पुर्‍याएको भए, बच्चाको शैक्षिक सुविधाहरुमा बेफाइदा भएको भए वा तपाईंले आफ्नो बच्चालाई फेपमा सहभागी गराउने निर्णय गर्ने प्रक्रियामा सहभागी हुने अवसरमा जानजान रोक लगाएको वा समस्या निम्त्याएको भए मात्र सुनुवाई अधिकृतले तपाईंको बच्चाले फेप नपाएको कुरा मान्दछ ।

३० दिने समाधान प्रक्रिया वा समाधान समय मिलाईएको भएपनि उक्त म्याद सकिएको ४५ दिनभित्र सुनुवाईउको अन्तिम निर्णय भएको र दुवै पक्षलाई यसको जानकारी पुगे नपुगेको कुरा टीईएले निश्चित गर्नुपर्छ ।

चाँडै हुनुपर्ने सुनुवाईमा भने अन्तिम निर्णय सुनुवाई भएको १० शैक्षिक दिनहरु भित्र पुगिसक्नुपर्नेछ ।

हतारमा नहुने सुनुवाईका लागि दुई मध्ये जुनसुकै पक्षको पनि उपयूक्त कारण सहितको अनुरोधमा सुनुवाई अधिकृतले विशेष समय थप गरिदिन सक्नेछन् । तर

हतारमा हुने सुनुवाईका लागि भने सुनुवाई अधिकृतले समय थप गरिदिन सक्नेछैनन् । सुनुवाईको कुनै पक्षले राज्यको वा केन्द्रिय अदालतको निर्णय  माग नगरेमा सुनुवाई अधिकृतको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

तपाईंको बच्चाको परिचय खुल्ने सम्पूर्ण जानकारी तथा सुचना हटाएपछि मात्र सुनुवाई अधिकृतको निर्णय टीईएको वेबसाइटमा राखिनेछ । विद्यालयले सुनुवाई अधिकृतको निर्णय दिइएको समयसिमा भित्र निणर्य लागु गरिसक्नु पर्छ । समयको म्याद नदिइएको खण्डमा भने विद्यालयले नै निर्णयको माग गरेको भएपनि निर्णय भएको १० शैक्षिक दिनभित्र लागु गर्नुपर्छ । तर तिर्नुपर्ने पुरानो खर्चको कुनै बक्यौता भएमा त्यसलाई अपिल समाधान नहुन्जेलसम्मका लागि रोक्न सकिन्छ । आईडियाको केहीले पनि तपाईंलाई अघिल्लो सुनुवाइमा सम्बोधन गरिएकोबाट छुटेको विषयमा अर्को बाँकी प्रक्रिया शिकायत फाइल गर्न सिमित गर्दैन ।

♦ **नागरिक गतिविधी-** सुनुवाई अधिकृतको निर्णय भएको ९० दिन भित्र उक्त निर्णय र उपलब्ध भएका प्रमाणहरुलाई राज्यको वा केन्द्रिय अदालतसम्म पुर्‍याउने अपिल गर्ने अधिकार तपाईंलाई हुन्छ । अपिल प्रक्रियाको अंशको रुपमा अदालतले सुनुवाई प्रक्रियाको विवरण तथा रेकर्डहरु बुझ्नुपर्ने, कुनै पनि पक्षको थप प्रमाण सुन्नपर्ने, उपलब्ध प्रमाणको बहुमतको आधारमा निर्णय गर्ने र कुनै उपयुक्त राहत प्रदान गर्नुपर्ने हुन्छ ।

आइडियाको भाग बी मा भएको कुनै पनि कुराले अधिकारहरु, कामकारबाही तथा प्रक्रियाहरु, अपांगता भएका बच्चाहरुको अधिकारको संरक्षण गर्ने अमेरिकी संविधान वा कुनै कानुन अन्तर्गतका श्रोत तथा साधनहरुको सिमांकन गर्दैन ।

तर आइडियाअन्तर्गत नै अदालती राहतका आधारमा नागरिक ऐनका बारेमा मुद्दा दायर गर्दा भने अभिभावक वा विद्यालयले आइडियाअन्तर्गतको सुनुवाई प्रक्रियामै जानुपर्ने हुन्छ ।

यसको अर्थ, तपाईंले मुद्दा दायर गर्नुअघि यदि आडिइएको मातहतमा भएको श्रोत र साधन भन्दा तपाईंसँग बढि उपयूक्त श्रोत र साधन भएपनि तपाईंले पहिले आडिइएको सुनुवाई प्रक्रियालाई नै प्रयोग गर्नुपर्ने हुन्छ ।

♦ **वकिलको पारिश्रमिकमा सहुलियत-** यदि तपाईंले सुनुवाई कार्यक्रममा वा अदालतमा पुरै मुद्दा वा तपाईंले माग गरेको विषयमा जीत हासिल गर्नुभयो भने न्यायाधिसले तपाईंको अधिवक्ताको पारिश्रमिक र अन्य खर्चहरुमा सहुलियतता प्रदान गरिदिन सक्नेछ ।  तर वकिलको पारिश्रमिक सहुलियतता अन्तर्गत समाधानका चरणहरुमा र अदालत वा सुनुवाई अधिकृतले नतोकेको एआरडि समुहको बैठकहरुमा भएको खर्च भने पर्दैन ।

विद्यालयले तपाईंलाई लिखित सहमति पत्र दिएपछि गरिएका कामका लागि भने तपाईंलाई वकिलको पारिश्रमिकमा वा अन्य खर्चमा सहुलियत दिइने छैन यदिः

विद्यालयले बाँकी प्रक्रिया सुनुवाई शुरु हुनुभन्दा १० दिनभन्दा अघि प्रस्ताव गर्यो, तपाईंले १० दिनभित्र प्रस्ताव स्विकार गर्नुभएन, र अदालतले तपाईंले सुनुवाईबाट प्राप्त गरेको राहत थप अनुकुल भएन ।

अदालतले तपाईंलाई दिइएको वकिलको शुल्क यस्तो अवस्थामा कटौती गर्नुपर्छः तपाईं वा तपाईंको वकिलले अनुचित रुपमा विवाद लम्ब्याउनुभयो, वकिलको शुल्क उस्तै वकिलले उस्तै सेवाका लागि समुदायमा लिने घण्टे शुल्क अनुचित रुपमा बढ्यो, कार्यविधीको प्रकृतिअनुसार तपाईंको वकिलले विताएको समय अत्याधिक भयो, वा तपाईंको वकिलले विद्यालयलाई शिकायत सूचनामा उचित जानकारी दिन असफल भयो । अदालतले विद्यालयले अनुचित रुपमा कार्यविधी लम्ब्याएको वा नराम्रो व्यवहार गरेको पाएमा शुल्कमा कटौती आवश्यक हुनेछैन ।

यदि विद्यालयले सुनुवाई वा अदालती कार्यविधी जितेमा र यदि तपाईंको वकिलले बाँकी प्रक्रिया सुनुवाइको अनुरोध फाइल गरेमा वा तुच्छ, अनुचित, वा आधारविनाको कारवाहीको बारम्बार कारण भएमा, वा मुद्दामामिला स्पष्ट रुपमा तुच्छ, अनुचित वा आधारविनाको भएको स्पष्ट हुँदा पनि यसलाई जारी राखेमा, अदालतले तपाईं वा तपाईंको वकिललाई विद्यालयको उचित वकिलको शुल्क भुक्तानी गर्न आदेश दिन सक्छ । यदि दुर्व्यवहार गर्न, अनावश्यक ढिलाई गर्न वा मुद्दामामिलाको खर्च अनावश्यक रुपमा बढाउन अनुचित प्रयोजनका लागि बाँकी प्रक्रिया सुनुवाई वा अदालती कार्यविधी प्रस्तुत गरेमा तपाईं वा तपाईंको वकिलले विद्यालयको वकिल खर्च पनि बेहोर्नुपर्ने हुन सक्छ ।

**सम्पर्क जानकारी**

यदि तपाईंसँग यो दस्तावेजमा भएको जानकारीको बारेमा कुनै प्रश्न छ भने वा तपाईंलाई कसैले वर्णन गर्नुपर्छ भने, कृपया सम्पर्क गर्नुहोस्:

| **स्थानीय सम्पर्क जानकारी** | | |
|---|---|---|
| विद्यालय | शिक्षा सेवा केन्द्र | अन्य स्रोत |
| नाम: | नाम: | नाम: |
| टेलिफोन नम्बर: | टेलिफोन नम्बर: | टेलिफोन नम्बर: |
| इमेल: | इमेल: | इमेल: |

यदि तपाईंलाई विशेष शिक्षा सवालका बारेमा जानकारी चाहिएमा, तपाईंले 1-855-SPEDTEX (1-855-773-3839) मा विशेष शिक्षा सूचना केन्द्रमा सम्पर्क गर्न सक्नुहुन्छ । यदि तपाईंले यो नम्बरमा कल गरी सन्देश छोड्नुभयो, कसैले सामान्य काम गर्ने समयमा तपाईंको कल फर्काउनेछ । बहिरो वा सुन्न गाह्रो मान्ने व्यक्तिहरूले रिले टेक्सासको प्रयोग गरी माथिको भ्वाइस नम्बरमा 7-1-1 मा कल गर्न सक्छन् ।

यदि तपाईंसँग प्रतिक्षामा रहेको विशेष शिक्षा शिकायतको बारेमा प्रश्न भएमा, टीइएको संघय तथा राज्य शैक्षिक नीति शाखालाई 512-463-9414 मा सम्पर्क गर्नुहोस् । यदि तपाईंसँग प्रतिक्षामा रहेको मध्यस्थता वा बाँकी प्रक्रिया सुनुवाईको बारेमा प्रश्न भएमा, तोकिएको मध्यस्थता वा सुनुवाई अधिकारीलाई क्रमशः सम्पर्क गर्नुहोस्।

**टीइए सेवामा लिखित अनुरोध पठाउँदा, कृपया तलको ठेगानामा तपाईंको पत्र पठाउनुहोस्:**

Texas Education Agency
1701 N. Congress Avenue
Austin, TX 78701-1494

**निम्न शाखाहरूको ध्यानमा:**

संघीय तथा राज्य शिक्षा नीति
राज्य आईईपी सहजीकरण परियोजना

कानूनी सेवा कार्यालय
विशेष शिक्षा मध्यस्थता संयोजक

संघीय तथा राज्य शिक्षा नीति शाखा
विशेष शिक्षा शिकायत एकाइ

कानूनी सेवाको कार्यालय
विशेष शिक्षा बाँकी प्रक्रिया सुनुवाई

**कृपया संघीय तथा राज्य शिक्षा नीति टीइए शाखाको वेवसाइटमा जानुहोस्**
http://tea.texas.gov/index2.aspx?id=2147491399

**Fort Bend Independent School District**
**Special Education Department**

**Sources for parent/adult student to contact to obtain assistance in understanding procedural safeguards, the ARD process, and questions/concerns:**

**Fort Bend ISD – Special Education Department**
**Phone:** (281) 634-1143 **Website:** https://www.fortbendisd.com/Domain/77

**Dr. Charles Dupre,** Superintendent
**Dr. Deena Hill,** Executive Director of Special Education
**Sherlea Maston,** Director of Special Education
**Christina Ritter,** Assistant Director of Special Education

| | |
|---|---|
| **Region IV Education Service Center**<br>7145 Tidwell Road<br>Houston, TX 77092<br>(713) 462-7708<br>www.esc4.net/specialeducation | **Texas Workforce Solutions**<br>**Vocational Rehabilitation Services**<br>6220 Westpark Suite 110<br>Houston, TX 77057<br>(713)267-8510<br>www.twc.state.tx.us |
| **The ARC of Fort Bend County**<br>123 Brooks Street<br>Sugar Land, TX 77498<br>(281) 491-5959<br>www.arcoffortbend.org | **Arc of Greater Houston – Familias Hispanas del Arc**<br>4410 Navigation Blvd.<br>Houston, TX 77011<br>(713) 957-1600 ext 117<br>Email Contact myrta@aogh,org |
| **Disability Rights, Texas**<br>1500 McGowen Street Suite 100<br>Houston, TX 77004<br>(713) 974-7691<br>Toll-Free Intake Line for New Callers: 1-800-252-9108<br>www.disabilityrightstx.org | **Learning Disabilities Association of Texas**<br>P.O Box 831392<br>Richardson, TX 75083 – 1392<br>www.ldatx.org<br>Email Contact: contact@ldatx.org |
| **Special Kids, Inc.**<br>9001 Airport Blvd. Suite 707<br>Houston, TX 77036<br>(713) 783-KIDS (5437)<br>www.specialkidsinc.com<br>Email Contact: info-help@specialkidsinc-tx.org | **Texas Project First**<br>www.texasprojectfirst.org<br>1-855-SPEDTEX (1-855-773-3839) |